# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३४२ | काठमाडौं | शनिबार, २८ चैत २०८२ | Prabhab National Daily | Saturday, 11 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

# प्रतिनिधिसभाका १० वटै विषयगत समिति गठन

## आकर्षण राज्य व्यवस्था तथा सुशासन समितिमा



- राज्य व्यवस्था तथा सुशासन समितिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, पूर्वप्रधानमन्त्री एवं नेकपा अध्यक्ष पुष्पकमल दाहाल, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता ज्ञानेन्द्र शाहीसम्म
- एमालेका संसदीय दलका नेता रामबहादुर थापा अर्थ समितिमा बसेका छन्
- सार्वजनिक लेखा समितिमा नेकपा नेता वर्षमान पुनदेखि खुस्बु ओलीसम्म

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाका १० वटै विषयगत समिति गठन भएका छन् । प्रतिनिधिसभाको चालु अधिवेशन अन्त्य हुनुअघि शुक्रबार गठन भएका समितिहरूमध्ये सबैभन्दा आकर्षण राज्य व्यवस्था तथा सुशासन समितिमा देखिएको छ ।

सुशासन समितिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीसम्म अटेका छन् । यही समितिमा नेपाली कांग्रेसबाट संसदीय दलका दाबेदार मानिएका अर्जुननरसिंह केसी र भीष्मराज आङदेम्बे परेका छन् । नेकपा एमालेले यो समितिमा पद्मकुमारी अर्याललाई सदस्य पठाएको छ ।

एमाले संसदीय दलका नेता रामबहादुर थापा अर्थ समितिमा बसेका छन् । प्रतिनिधिसभाको पहिलो बैठक सुरु भएको नौ दिनमै सबै संसदीय समिति गठन भएको हो । शुक्रबार बसेको प्रतिनिधिसभाको बैठकमा सभामुख डोलप्रसाद अर्यालले यी सबै समिति गठनको प्रस्ताव प्रस्तुत गरेका थिए । जसलाई सभाले स्वीकृत गरेको छ । विषयगत समितिको सभापति चयन गर्न वैशाख ४ गते निर्वाचन हुने सभामुख अर्यालले जानकारी दिए ।

प्रतिनिधिसभामा १० समिति, राष्ट्रिय सभामा चार समिति र संयुक्त गरी १६ वटा संसदीय समिति रहन्छन् । राष्ट्रिय सभाअन्तर्गतका चार वटा संसदीय विषयगत समिति यसअघि नै गठन भइसकेका छन् ।

सभामुख अर्यालले प्रतिनिधिसभाको जारी अधिवेशन अन्त्य भएको जानकारीसमेत गराए । उनले शुक्रबारको बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलबाट प्राप्त अधिवेशन अन्त्यसम्बन्धी पत्र पढेर सुनाएका थिए । उक्त पत्रमा मन्त्रिपरिषद्को सिफारिसबमोजिम शुक्रबार राति १२ बजेदेखि लागू हुनेगरी प्रतिनिधिसभाको जारी अधिवेशन अन्त्य गरिने उल्लेख छ ।

### अर्थ समिति

प्रतिनिधिसभामा अर्थ समितिलाई महत्त्वपूर्ण समितिका रूपमा हेरिन्छ । यो समितिमा एमाले संसदीय दलका नेता थापादेखि रास्वपाका कोषाध्यक्ष लिमा अधिकारीसम्म रहेका छन् ।

क्रमशः पृष्ठ २ मा

संयुक्त सदनलाई राष्ट्रपतिको सम्बोधन

## संविधानको मर्म र भावनाबमोजिम काम गर्न सरकारलाई आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावना र जनचाहनाबमोजिम काम गर्न वर्तमान सरकार सफल हुने विश्वास व्यक्त गरेका छन् । संघीय संसद्को संयुक्त बैठकलाई शुक्रबार सम्बोधन गर्दै राष्ट्रपति पौडेलले उक्त विश्वास व्यक्त गरेका हुन् ।

पछिल्ला प्रयासले संघीय लोकतान्त्रिक गणतन्त्रका आधार स्तम्भ तयार भएको उल्लेख गर्दै पौडेलले अब संविधानको मर्मअनुसार काम गर्नुपर्ने बताएका हुन् । 'वर्तमान संविधान कार्यान्वयनको विगत १० वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्त्वपूर्ण छन् । संघीय लोकतान्त्रिक गणतन्त्रका आधार स्तम्भहरू संस्थागत भएका छन् । तर संविधानको मर्म र भावना तथा



जनताको चाहनाबमोजिम हामीले गर्नुपर्ने काम अझै धेरै बाँकी छ,' पौडेलले भने ।

क्रमशः पृष्ठ २ मा

# उपसभामुखमा रूबीकुमारी निर्वाचित



शीतलनिवासस्थित राष्ट्रपति निवासमा शुक्रबार साँझ आयोजित शपथग्रहण समारोहमा सभामुख डोलप्रसाद अर्यालबाट पद तथा गोपनीयताको शपथ लिँदै नवनिर्वाचित उपसभामुख रुबीकुमारी ठाकुर । *तस्बिरः रासस*

- प्रतिनिधिसभामा कूल २५६ सांसद मतदानमा सहभागी हुँदा ठाकुरको पक्षमा खस्यो २२९ मत
- श्रम संस्कृति पार्टीबाट सांसद निर्वाचित २६ वर्षीया ठाकुर बनिन् अहिलेसम्मकै कान्छी उपसभामुख

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाको उपसभामुख पदमा श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर निर्वाचित भएकी छन् । शुक्रबार प्रतिनिभिसभा बैठकमा उपसभामुख चयनका लागि भएको मतदानमा धनुषाकी २६ वर्षीया ठाकुर २२९ मत पाउँदै निर्वाचित भएको सभामुख डोलप्रसाद अर्यालले घोषणा गरे ।

ठाकुरलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहित नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले साथ दिएका थिए । कूल २५६ जना सांसद मतदानमा सहभागी हुँदा पाँच जनाले विपक्षमा मतदान गरेका थिए भने २२ जना तटस्थ बसेका थिए । नेकपा एमालेका सांसदहरू मतदानमा सहभागी नभएका हुन् ।

प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सरस्वती लामाको पक्षमा पाँच मत खसेको थियो । प्रतिनिधिसभामा २७५ सदस्य रहेकामा शुक्रबारको बैठकमा २५६ जनामात्र उपस्थित भएका थिए ।

उपसभामुखमा सुरुमा रास्वपा सभापति रवि लामिछानेले राप्रपालाई समर्थन गर्ने बताएका थिए । त्यसै आधारमा आफ्नो पार्टीले उम्मेदवार अघि सारेको तर त्यसमा धोका भएको राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले आरोप लगाए । 'संसद्को सबैभन्दा ठूलो दलबाट प्रस्ताव आएपछि, अन्य पुराना राजनीतिक दल र हामी परिवर्तन खोज्ने राजनीतिक दलबीचको ध्रुवीकरणको सम्भावनालाई मध्यनजर गर्दै उम्मेदवारी दिने टुंगोमा पुगेका थियौं,' शाहले भने ।

उपसभामुखको सन्दर्भमा पुराना राजनीतिक दलले आफूलाई 'बाइपास' गरेर छलफल चलाइरहेको र अर्कोतिर रास्वपाले प्रस्ताव गरेपछि उम्मेदवारी दिएको शाहीको भनाइ थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# सिके राउतलाई हराएका रामजी बने श्रममन्त्री

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रामजी यादव श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनेका छन् । शुक्रबार प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले यादवलाई श्रममन्त्री पदमा नियुक्त गरेका हुन् ।

बिहीबारमात्रै दीपककुमार साहलाई श्रममन्त्रीबाट बर्खास्त गरिएको थियो । पदीय मर्यादाको दुरूपयोग गरेको भन्दै प्रधानमन्त्री शाहले उनलाई पदमुक्त गरेका थिए । यही चैत १३ गते मन्त्री नियुक्त भएका साहले आफ्नी श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डको सदस्यमा निरन्तरता दिन दबाब दिएको पाइएपछि उनलाई बर्खास्त गरिएको हो । उनीमाथि आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर स्वास्थ्य बिमाको विषयमा बोलेको आरोपसमेत लागेको थियो ।

साहको बखास्तीपछि रिक्त श्रममन्त्री पदमा सप्तरीका यादवलाई नियुक्त गरिएको हो । नवनियुक्त मन्त्री यादवले शुक्रबार साँझ राष्ट्रपति निवासमा आयोजित समारोहमा राष्ट्रपति पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएका छन् । उनीसँगै नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले पनि शपथ लिएकी छन् ।

गत फागुनमा सम्पन्न निर्वाचनमा सप्तरी-२ बाट चुनाव लडेका यादवले जनमत पार्टीका अध्यक्ष सिके राउतलाई पराजित गरेका थिए । यादवले २८ हजार ४०४ मत पाउँदा राउतको नौ हजार ८८० मतमात्र आएको थियो । राजविराजका ३० वर्षीय यादव पेसाले इञ्जिनियर हुन् । नवीकरणीय ऊर्जा, कार्बन क्रेडिट र सार्वजनिक खरिद सुधारसम्बन्धी उनको ज्ञान रहेको बताइएको छ । गृहजिल्लामा उनी समाजसेवीका रूपमा चिनिन्छन् । उनले राजविराजमा सबइञ्जिनियरिङ कलेजको स्थापना, फोहोर व्यवस्थापनका लागि प्रशोधन केन्द्रको पहल, रंगशालाको पूर्वाधार निर्माण र स्वास्थ्य चौकी भवन निर्माणमा प्राविधिक नेतृत्व गरेर योगदान पुऱ्याएका थिए ।

सरकारलाई संघको ध्यानाकर्षणपत्र

# रसिद देखाउनुपर्ने व्यवस्था कार्यान्वयन नगर्ने अडान



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मध्यपूर्वको रोजगारी खुलाउने तथा विमानस्थलमा अनिवार्य गर्ने भनिएको सेवा शुल्कको रसिदका विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानाकर्षण गराएको छ । संघका अध्यक्ष भुवनसिंह गुरुङ नेतृत्वको टोलीले शुक्रबार श्रमसचिव डा. दीपक काफ्लेलाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

मध्यपूर्वका केही मुलुकमा हाल पुनः श्रम स्वीकृति सञ्चालनमा रहे पनि नयाँ श्रम स्वीकृति बन्द हुँदा श्रमिकहरू समस्यामा परेको संघले पत्रमा उल्लेख गरेको छ । मध्यपूर्वका विभिन्न मुलुकहरूका लागि भिसा प्राप्त गरिसकेका सात हजार ८८८ जना श्रमिक भिसाको समयावधि समाप्त हुने अवस्थामा पुगेको भन्दै संघले ध्यानाकर्षण गराएको छ ।

गन्तव्य मुलुकमा रोजगारदाता कम्पनी बन्द नभएको, श्रमिकहरू रोजगारीमा जान तयारी रहेको अवस्थामा प्रक्रियागत अवरोधका कारण रोजगारी गुमाउनुपर्ने स्थिति आउनु दुःखद र अन्यायपूर्ण भएको संघको दाबी छ । मागपत्र अनलाइन दर्ता प्रक्रिया, मागपत्र प्रमाणीकरण तथा नेपालस्थित पूर्वस्वीकृति प्रक्रियास्थगित हुँदा दीर्घकालीनरूपमा विभिन्न पक्षमा असर पार्ने संघले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरूरी सूचना !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोनः ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

पृष्ठ १ बाट क्रमशः

## प्रतिनिधिसभाका १०...

२६ सदस्यीय समितिमा कृष्णकुमार कार्की, कृष्णहरी बुढाथोकी, खडकबहादुर बुढा, खड्ग शाही, जगदीश खरेल (दोलखा), ताराप्रसाद जोशी, देवराज पाठक, ध्रुवराज राई, नरेन्द्र केरुङ, नीतिमा भण्डारी (कार्की) रहेका छन् । त्यसैगरी परशुराम तामाङ, पारशमणि गेलाल, पुष्पराज कँडेल, पुष्पाकुमारी चौधरी, भरत गिरी, भरतप्रसाद पराजुली, राजेशकुमार चौधरी, विक्रम खनाल, सरिता महतो, सागर भुसाल, सुशील खड्का, सुशीला ढकाल आचार्य पनि यस समितिमा सदस्य बनेका छन् ।

### अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

२६ सदस्यीय यस समितिमा अमेरिकाका लागि पूर्वराजदूत अर्जुनकुमार कार्कीदेखि पूर्वमन्त्री बब्लु गुप्तासम्म छन् । समितिमा अनुष्का श्रेष्ठ, अभिषेकप्रताप शाह, अम्बिकादेवी संग्रौला, अर्जुनकुमार कार्की, उज्ज्वलकुमार झा, गणेशबहादुर विश्वकर्मा, गंगा छन्त्याल, तौफिक अहमद खान, दीपकराज बोहरा, धनञ्जय रेग्मी, प्रमेशकुमार हमाल, प्रशान्त उप्रेती, बब्लु गुप्ता, बिना गुरुङ, भूमिका लिम्बू सुब्बा, मिङमाग्याबु शेर्पा, रेनुका काउचा, रुक्मिणीदेवी कोइराला, शिवशंकर यादव, सन्तोष राजवंशी, सन्दीप राना, सुम्निमा उदास, सुरेन्द्र चौधरी, हरिप्रसाद भुसाल सदस्यमा चयन भएका छन् ।

### उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

यो समितिमा पनि २६ सदस्य छन् । अमरकान्त चौधरी, अरबिन्द साह, आनन्दबहादुर चन्द, एलिजा गुरुङ, कालिबहादुर सहकारी, कृपाराम राना, गंगादेवी श्रेष्ठ, चन्दनकुमार सिंह, टेकबहादुर गुरुङ यस समितिमा अटेका छन् । त्यसैगरी टेकबहादुर शाक्य, निराशा चौधरी डगौरा, प्रकाश पाठक, प्रकाशसिंह कार्की, प्रभा कार्की, बदनकुमार भण्डारी, बुद्धिप्रसाद पन्त, मनिष झा, मातृकाप्रसाद यादव, रञ्जु दर्शना न्यौपाने, लालबिक्रम थापा, सिर्जना श्रेष्ठ, सूर्यबहादुर तामाङ, सोम शर्मा, हरिनादेवी कामी, हरिमोहन भण्डारी र क्षितिज थेबे यस समितिका सदस्य चुनिएका छन् ।

### कानुन, न्याय तथा मानवअधिकार समिति

२४ सदस्यीय यस समितिमा यज्ञमणि न्यौपाने, सुहाङ नेम्बाङदेखि सुलभ खरेलसम्म छन् । समितिका सदस्यहरूमा कन्हैया बनिया, खिमा विक, गीता गुरुङ, नरेन्द्र साह कलवार, नीनुकुमारी कर्ण, प्रकाशचन्द्र परियार, बलावती शर्मा, भूमिका श्रेष्ठ, मदनकृष्ण श्रेष्ठ, मधुकुमार चौलागाईं, मनमाया विक, मनिष खनाल, मोहनलाल आचार्य, रचना खतिवडा खत्री, रामविनोद यादव, समीक्षा बाँस्कोटा, सरस्वती लामा, साजिदा खातुन सिद्धिकी, सुशीलकुमार कानु, सूष्मा स्वर्णकार (डिम्पल) र स्मृति सेञ्चुरी सदस्यको रूपमा समेटिएका छन् ।

### कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

यस समितिमा अशोककुमार चौधरी, आशिका तामाङ, उत्तमप्रसाद पौडेल, केपी खनाल, कोमल ज्ञवाली, खगेन्द्र कर्ण, गीताकुमारी सेन्दाङ, गंगालक्ष्मी अवाल, चन्देश्वर मण्डल रहेका छन् । त्यसैगरी जनकसिंह धामी, जोगकुमार बरबरिया यादव, ताहिर अली भाट, पूनमकुमारी अग्रवाल, प्रमोदकुमार महतो, प्रेमबहादुर बयक, बसुमाया तामाङ, माधवबहादुर थापा, राजीव खत्री, लक्ष्मीप्रसाद पोखरेल, शम्भुप्रसाद ढकाल, सन्तोष सुब्बा, समिना मिया, सागर ढकाल, सुजाता तामाङ, सुरेशकुमार चौधरी ज्ञानेन्द्रसिंह महतो यस समितिमा परेका छन् ।

### पूर्वाधार विकास समिति

यस समतिमा २७ सदस्य छन् । आशा झा, आशिष गजुरेल, गोपाल शर्मा, जयपती रोकाया, तपेश्वर यादव, दीपककुमार साह (सुनसरी), धनेन्द्र कार्की, धनबहादुर बूढा, धर्मराज केसी, निशा डाँगी, नीता घतानी, पूर्णप्रसाद लिम्बू, प्रकाश गौतम, प्रदीप विष्ट, बासना थापा, भरतकुमार स्वार, मञ्जु भुषाल, फिरदोश आलम, यशोधा कुमारी, राजकिशोर महतो, राजुनाथ पाण्डे, राजेन्द्रकुमार राई, रामाकान्तप्रसाद चौरसिया, बोधनारायण श्रेष्ठ, श्रीराम न्यौपाने, सुनिल केसी र सृष्टी भट्टराई समितिमा परेका छन् ।

### महिला तथा सामाजिक मामिला समिति

यस समितिमा बिहीबारमात्र श्रममन्त्रीबाट बर्खास्तीमा परेका दीपककुमार साहदेखि रीमा विश्वकर्मासम्म छन् । २२ सदस्यीय समितिमा आकृति अवस्थी, एशुदाकुमारी बराल, कुलभक्त शाक्य, खेमराज कोइराला, टीका संग्रौला, टुकाभद्रा हमाल, ठाकुरसिंह थारु, तारा विश्वकर्मा, नरेन्द्रकुमार गुप्ता, पवित्रा विक, पार्वती विक, प्रमिला कुलूजु, रजनी श्रेष्ठ, रत्नाकुमारी थापा, रीना उप्रेती, ललिताकुमारी शाहजान खातुन, शोभा खनाल, सुनिताकुमारी चौधरी, ज्ञानु पौडयाल सदस्य बनेका छन् ।

### राज्यव्यवस्था तथा सुशासन समिति

यो समितिलाई प्रतिनिधिसभाको महत्त्वपूर्ण समिति मानिन्छ । यो समितिको सभापतिसमेत सत्तारुढ दलले लिने गर्छ । यो समितिमा शीर्ष नेताहरूसमेत सदस्य रहेका छन् । २३ सदस्यीय समितिमा रास्वपा सभापति रवि लामिछाने, पूर्वप्रधानमन्त्री एवं नेकपा अध्यक्ष पुष्पकमल दाहाल, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाही परेका छन् ।

कांग्रेसमा संसदीय दलका दाबेदार मानिएका भीष्मराज आङ्देम्बेदेखि अर्जुननरसिंह केसीलाई यो समितिमा समेटिएको छ । अफ्साना बानु, अमरेशकुमार सिंह, कमल सुवेदी, करिष्मा कठरिया, कविन्द्र बुर्लाकोटी, गजाला शमीम मिकरानी, गणेश कार्की, निश्कल राई, पद्माकुमारी अर्याल, पुरुषोत्तम शुप्रभात यादव, विश्वराज पोखरेल, मोहम्मद इश्तियाक राई, युवराज दुलाल, रमेश प्रसाईं, रविन्द्र पटेल, राम लामा, रुबिना आचार्य, रेखाकुमारी यादव, विष्णुमाया विक, श्रद्धा कुँवर क्षेत्री र हरि ढकाल यस समितिका सदस्य बने ।

### शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

यो समितिमा स्वतन्त्र सांसद महावीर पुनदेखि तोसिमा कार्कीसम्म रहेका छन् । २७ सदस्यीय यस समितिमा अचुत्तम लामिछाने, ओजश्वी शेरचन, कामिनी कुमारी, कुशुम महर्जन, खुसबु सरकार श्रेष्ठ, गणेश पौडेल, गुरूप्रसाद बराल, चन्द्रमोहन यादव, जगतप्रसाद जोशी, जगदीश खरेल (ललितपुर), झविलाल डुम्रे, पुकार बम, प्रभा ढकाल, प्रमिलाकुमारी गच्छदार, भीमकुमारी बुढा मगर, रबिन महतो, रमेशकुमार मल्ल, रहवर अन्सारी, राजन गौतम, राधिका रस्तेल, रिंगला यादव, डा. लेखजंग थापा, विष्णुबहादुर खड्का, शम्भुकुमार यादव र सीता थपलिया सदस्य रहेका छन् ।

### सार्वजनिक लेखा समिति

प्रतिनिधिसभामा महत्त्वपूर्ण मानिने यो समितिमा सभापतिसमेत प्रतिपक्षको हुनुपर्ने मान्यता राखिन्छ । यो समितिमा नेकपा नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुनदेखि खुस्बु ओलीसम्म छन् । २६ सदस्यीय समितिमा अमृता विक, आरेन राई, इन्दिरा राना मगर, ऐनबहादुर महर, कृपा महर्जन, क्रान्तिशिखा धिताल, खगेन्द्र सुनार, गणेश धिमाल, गणेश पराजुली, गणेशसिंह ठगुन्ना, गोविन्द पन्थी, जनकराज गिरी, प्रेमलाल चौधरी, बुद्धरत्न महर्जन, भरतबहादुर खड्का, महेन्द्रबहादुर शाही, मोहन आचार्य, योगेश गौचन थकाली, रमेशकुमार सापकोटा, रुकेश रञ्जित, विक्रम थापा, वीपिनकुमार आचार्य र सिताराम साह सदस्य छन् ।

■■■

## उपसभामुखमा...

पुराना भनिएका दल र नयाँ भनिएका दलहरू एकैतिर उभिए पनि आफ्नो दलको 'कित्ता क्लियर' भएको बताए । नतवनिर्वाचित उपसभामुख ठाकुरले शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिएकी छन् । शुक्रबार साँझ राष्ट्रपति निवासमा आयोजित शपथग्रहण समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा सभामुख अर्यालबाट उनले शपथ लिएकी हुन् ।

### को हुन् रुबीकुमारी ?

मुलुकमा पहिलोपटक कम उमेरमै उपसभामुख बनेकी २६ वर्षीया रुबीकुमारी अहिलेको संसद्कै कान्छी सदस्य हुन् । श्रम संस्कृति पार्टीले उनलाई मधेसी महिला कोटामा समानुपातिकबाट प्रतिनिधिसभा सदस्य बनाएको हो । धनुषाको सामान्य परिवारमा जन्मिएकी रुबीकुमारीसँग कुनै पनि राजनीतिक पृष्ठभूमि थिएन । उनका बाबु सोगराथ ठाकुर हालै साउदी अरबबाट नेपाल आइपुगेका छन् । आमा रेणुसहित चार बहिनी र दुई भाइ घरमा छन् ।

दुई विघा जमिन अधियामा लिएर गरेको खेती र बुबाले पठाउने रेमिटयान्सबाट रुबीको परिवार चलेको छ । उनले २०७४ सालमा एसइई उत्तीर्ण गरेपश्चात् धनुषाकै बलरा पोलिटेक्निकबाट तीन वर्षे डिप्लोमा (इञ्जिनियरिङ) अध्ययन पूरा गरेकी छन् । सांसद बन्नुअघिसम्म उनी वस्तु आर्किटेक्चर कन्सल्टेन्सीमा काम गर्थिन् ।

■■■

## संविधानको मर्म...

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको बैठकलाई राष्ट्रपतिले पहिलोपटक सम्बोधन गरेका हुन् । राष्ट्रपति पौडेलले निर्वाचनबाट युवाहरूको प्रतिनिधित्वले गणतन्त्रमा युवाहरूको आकर्षण देखिएको उल्लेख गरे । 'निर्वाचनमार्फत नेपालको संसदीय इतिहासमै अभूतपूर्व रूपमा युवा वर्गको प्रतिनिधित्वसहितको प्रतिनिधिसभा गठन भई नयाँ सरकारले कार्यप्रारम्भ गरिसकेको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा युवापुस्ताको आकर्षण, विश्वास, सहभागिता र नेतृत्व विकास भएको स्पष्ट सन्देश दिएको छ,' राष्ट्रपति पौडेलले भने ।

उनले युवाको चाहना विगतभन्दा धेरै नयाँ रहेकोले परम्परागत श्रमका क्षेत्रले मात्र श्रमबजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न नसक्ने बताए । 'तसर्थ रोजगारीका नयाँ अवसरको खोजी गर्ने र बजारको मागअनुरूपको जनशक्ति उत्पादन गर्न सक्षम हुनेगरी शैक्षिक प्रणालीमा सुधार गर्दै विदेश पलायन भएको युवा वर्गलाई आफ्नै देश र आफ्नै गाउँमा बसौंबसौं बनाउनुपर्ने आजको मुख्य आवश्यकतामा सरकारले ध्यान दिने छ,' राष्ट्रपति पौडेलले भने ।

निराश जनशक्तिबाट कुनै पनि मुलुकको उन्नति नभएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले हाल युवा तथा शिक्षित बेरोजगारहरूमा देखिएको निराशाको अवस्थालाई तोड्न सरकारले विशेष ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिए । त्यसैगरी भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूत गर्न तथा आमनागरिकमा राज्यको अनुभूति दिलाउन सार्वजनिक सेवा प्रवाह चुस्तदुरुस्त हुनुपर्ने र सेवा प्रवाह प्रणाली चुस्त बनाउन आग्रह गरे । 'सरकारी संयन्त्रको सेवा प्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाएर नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूति गर्नसक्ने गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सरकारले कुनै कसर बाँकी राख्ने छैन भन्ने पनि मेरो विश्वास छ,' पौडेलले भने ।

पौडेलले अहिले विश्व राजनीतिमा देखिएको द्वन्द्वमा नेपाल सरकार सन्तुलित बनेर हिँड्न सक्नुपर्ने बताए । 'हालैका दिनमा विश्व परिवेशमा देखिएका द्वन्द्व तथा अस्थिरताको अवस्थालाई मध्यनजर गरी सरकार र सम्बद्ध सबै पक्षले राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकी तथा मित्रराष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र पारस्परिक सम्मान र सहयोगमा आधारित कूटनीतिक सम्बन्ध अगाडि बढाउनुपर्ने आवश्यकता छ,' राष्ट्रपति पौडेलले भने ।

■■■

## रसिद देखाउनुपर्ने ...

त्यस्तै, इजाजतप्राप्त संस्थाले दिएको रसिद देखाएर मात्र वैदेशिक रोजगारीमा जान पाउने प्रावधानप्रति पनि संघको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ । नीतिगत सुधार नभएसम्म यो प्रावधान कार्यान्वयन गर्न नसक्ने स्पष्ट पारेको संघका अध्यक्ष गुरुङले जानकारी दिए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/१०/१० मा दर्ता भएको **प्रा. लि. नं. ३५९७११** को **एलीगेन्ट नेपाल होलिडेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०५/०१ मा दर्ता भएको **प्रा. लि. नं. १५४१९१** को **स्याटलाइट ट्रेक्स एण्ड एक्सपिडिसन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षमन्त्रालय
वैदेशिक रोजगार विभाग
(प्रशासन योजनातथा संस्थादर्ता शाखा)
**शाखा कार्यालय खोल्ने अनुमति प्रदान गरिएको सम्बन्धी सूचना**

वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत पत्र प्राप्त संस्था **Nabil Overseas Pvt. Ltd.** को निवेदन माग बमोजिम झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं.०१ मा शाखा कार्यालय खोली संचालन गर्न र उक्त शाखाको प्रमुखको रूपमा झापा जिल्ला बुद्धशान्ती गा.पा. वडा नं.०४ बस्ने श्री तुमिहाङ योङहाङलाई नियुक्त गर्न स्वीकृति प्रदान गर्ने भनी यस विभागको मिति २०७९/०९/२८ मा निर्णय भएको हुदाँ शाखा कार्यालयबाट भएका सम्पूर्ण कामकारवाहीको आर्थिक कारोबार समेत सम्बन्धित शाखा कार्यालयबाटै गर्ने गरी स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२८ गते**

यस कम्पनीको मिति २०८२/१२/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **मेची ए.ए.सी ब्रिक उद्योग** (प्रा.लि.नं.१४०६६३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२५ को निर्णयानुसार नाम परिवर्तन गरी **मेची इन्डष्ट्रिज प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/१२/२८

यस बैंकका निक्षेपकर्ता श्री बुद्धिविर पुनको नाति, श्री तिल बहादुर पुनको छोरा, रुपन्देही जिल्ला, मक्रहर गाउँपालिका वडा नं. ०१ , मक्रहर घर भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. १०, कान्छी बजार मा बस्ने वर्ष ५८ को श्री **बिस्नु बहादुर पुन** ( ना.प्र.नं.८/१६१६०, जारी मिति २०४६/०२/२३, जारी जिल्ला रुपन्देही ) को मिति २०८२/०८/२३ गते निधन भएकोले मृतक बिस्नु बहादुर पुनको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमती निशा पुनले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती निशा पुनको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना !**

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/२८ गते*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान ६९ को १०८०.५८ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**नमुना सामुदायिक वन उपभोक्ता समूह**
**बकैया–६, मकवानपुर**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २८ चैत, २०८२

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा सुधार आउनेछ । अश्विनिकुमारको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृष** | मन बेचैन रहनेछ । वामनावतार भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **मिथुन** | अनावश्यक झमेलामा फसिनेछ । दुर्गा माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **कर्कट** | प्रसम्शा पाउने योग रहेको छ । भगवान चन्द्रशेखरको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **सिंह** | बेकारको कार्यमा दिन बित्न सक्छ । शिवस्तव स्तोत्रको पाठ गरि अघि बढ्नुहोला । |
| **कन्या** | प्रेममा धोका मिल्न सक्छ । राधा नामको पाठ गरेमा राम्रो हुनेछ । |
| **तुला** | ब्यस्ततामा दिन बित्नेछ । भगवान भोलेबाथको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | क्रोधले विवेक नाश होला । दत्तात्रेय भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **धनु** | यात्राको अवसर मिल्नेछ । भगवान गणेशको स्तुति गान गर्नुहोला। |
| **मकर** | मनमा विचारको बाढी आउनेछ । ब्रह्मक्स्हारीणी माताकोको स्मरण गरि दिनको सुरुवात गर्नुहोला । |
| **कुम्भ** | कार्य सफल हुनेछ । सिद्धिविनायकको स्तुति गरि अघि बढ्नुहोला । |
| **मीन** | मन प्रफुल्ल रहनेछ । सीतारामको भक्तिगान गरि दिनको सुरुवात गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ चैत, २०८२ (११ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४७.८४ | १४८.४४ |
| युरो | १ को | १७३.०८ | १७३.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.०९ | १९९.९० |
| स्विस फ्रैन्क | १ को | १८७.७० | १८८.४६ |
| अस्ट्रेलियन डलर | १ को | १०४.२९ | १०४.७२ |
| क्यानाडियन डलर | १ को | १०६.६७ | १०७.११ |
| सिङगापुर डलर | १ को | ११६.१० | ११६.५७ |
| जापानी येन | १० को | ९.३४ | ९.३८ |
| चिनियाँ युआन | १ को | २१.६५ | २१.७३ |
| साउदी अरब रियाल | १ को | ३९.४० | ३९.५६ |
| कतारी रियाल | १ को | ४०.५५ | ४०.७१ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.२५ | ४०.४२ |
| मलेसियन रिङेट | १ को | ३७.१८ | ३७.३३ |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १६.०३ | १६.१० |
| डेनिस क्रोनर | १ को | २३.१६ | २३.२६ |
| हङकङ डलर | १ को | १८.८८ | १८.९५ |
| कुवेती दिनार | १ को | ४८२.३५ | ४८४.३१ |
| बहराइन दिनार | १ को | ३९१.७३ | ३९३.३२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# लोकसेवाको प्रवेशपत्र अब नागरिक एपमै

**काठमाडौं (प्रस)–** सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएका सेवालाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिएको छ । सोही क्रममा अब निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोकसेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपबाट प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको छ ।

सूचना प्रविधि विभागका महानिर्देशक चन्द्र साहले हाल उक्त प्रणाली परीक्षणको चरणमा रहेको बताउँदै आगामी एक साताभित्र पूर्णरूपमा कार्यान्वयनमा आइसक्ने जानकारी दिए । उनका अनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने तथा ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ ।

सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दा अघि यी कामहरू सम्पन्न गर्न विभागलाई निर्देशन दिएका छन् । यस पहललाई अघि बढाउन उनले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिएका हुन् ।

सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ । नेपाल इञ्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इञ्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढिसकेको विभागका महानिर्देशक साहले जानकारी दिए ।

नयाँ प्रणाली लागू भएपछि लोकसेवा आयोगका परीक्षार्थीका लागि आवश्यक प्रवेशपत्र, वैदेशिक अध्ययन स्वीकृतिपत्र तथा निजामती कर्मचारीले आफ्नो व्यक्तिगत विवरणहरू नागरिक एपबाटै डाउनलोड गर्न सक्ने छन् । यसका लागि हाल प्रणालीको परीक्षण जारी छ भने नयाँ संस्करण सार्वजनिक भएपछि उक्त सुविधासहितको नागरिक एप डाउनलोड गर्न सकिने छ ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यही चैत १३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख छ । नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ । नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन-स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झण्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।

# बालआश्रम निर्माणका लागि टोखाले २० लाख सहयोग गर्ने

**काठमाडौं (प्रस)–** टोखा नगरपालिकाले बालआश्रम भवन निर्माणका लागि २० लाख रूपैयाँ सहयोग गर्ने भएको छ । हाम्रो बाल संरक्षण धरोहर नेपालको आयोजना तथा एसिया प्यासिफिक स्कुल टोखाको सहयोगमा शुक्रबारदेखि यहाँ सुरु भएको श्रीमद् भागवत् ज्ञान महायज्ञमा टोखाले आश्रम निर्माणका लागि २० लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेको हो ।

सप्ताहको उद्घाटन गर्दै टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले अनाथ तथा असहाय बालबालिकाको संरक्षणका लागि हाम्रो बाल संरक्षण धरोहर नेपालले निर्माण गर्न लागेको आश्रमका लागि स्थानीय सरकारको तर्फबाट टोखाको साथ र सहयोग रहने प्रतिबद्धता जनाए ।

'बालआश्रम निर्माणका लागि आवश्यक पर्ने जग्गा र भवन निर्माणको बजेटका लागि अहिले टोखा नगरपालिकाको तर्फबाट २० लाख रूपैयाँ सहयोग गर्ने छ, पछि अपुग भएमा नगरपालिकाको सहयोग निरन्तर रहने छ,' नगरप्रमुख अधिकारीले भने । उनले महान् उद्देश्यका साथ अनाथ तथा असहाय बालबालिकाका लागि आवास निर्माण गर्ने उद्देश्यले सुरु गरिएको सप्ताह ज्ञान महायज्ञमा



सहभागी भई आफूले सकेको दान गर्न नगरबासीलाई आग्रहसमेत गरे ।

नगरपालिकाकी उपप्रमुख मुरारी तामाङले सकारात्मक कामका लागि स्थानीय सरकारको सधैं साथ र सहयोग रहने बताइन् । वडा नं ६ का वडाध्यक्ष शान्ता खनाल पौडेलले सडकमा रहेका बेवारिसे बालबालिकाको संरक्षणमा हाम्रो बाल संरक्षण धरोहर नेपालले खेलेको भूमिका सराहनीय रहेको धारणा राखे । टोखा नगरपालिकालाई बालमैत्री स्थानीय सरकार घोषणा गर्नका लागि स्थानीय सरकार लागेकाले यसमा सहयोग गर्न सबैलाई उनले आग्रह गरे ।

सप्ताह ज्ञान महायज्ञ मूल समारोह समितिका संयोजक एवं स्कुलका प्राचार्य रमेश घिमिरेले अनाथ तथा असहाय बालबालिकाका लागि आश्रम निर्माण गर्ने उद्देश्यले शुक्रबारदेखि सप्ताह ज्ञान महायज्ञ सुरु गरिएकाले यसमा सहभागी हुन सबैलाई आह्वान गरे । बालबालिकाको संरक्षण गर्ने जिम्मा सरकारको भए पनि व्यक्तिको पहलमा गरिएको यस्तो प्रयासमा सबैको साथ र सहयोग आवश्यक पर्नेमा उनले जोड दिए ।

संस्थाकी संस्थापक वीनिता अर्यालले अनाथ तथा असहाय बालबालिका बस्नका लागि स्थायी घर निर्माण गर्ने उद्देश्यका साथ सप्ताह सुरु गरिएको बताइन् । महायज्ञ आगामी वैशाख ३ गतेसम्म सञ्चालन हुने छ । उक्त श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञको भागवत मञ्जरी राधिका दासले कथावाचन गरिरहेकी छन् ।

# प्रदेश आयुर्वेद चिकित्सालयबाट २२ हजार ८५६ जनाले लिए सेवा

**तनहुँ–** प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा आयुर्वेदिक उपचारतर्फ बिरामीको आकर्षण बढ्दै गएको छ । चालु आर्थिक वर्षको साउनदेखि फागुन मसान्तसम्मको आठ महिनामा २२ हजार ८५६ जनाले सेवा लिएका छन् ।

तनहुँसहित छिमेकी जिल्ला लमजुङ, कास्की, चितवन, गोरखाबाट समेत बिरामी उपचारका लागि आउने गरेको सो कार्यालयले जनाएको छ । कार्यालयबाट दिइने सेवा प्रवाह छिटो छरितो र प्रभावकारी भएका कारण बिरामीको आकर्षण बढ्दै गएको कविराज निरीक्षक एवं सूचना अधिकारी सोमकान्त पौडेलले जानकारी दिए ।

सूचना अधिकारी पौडेलका अनुसार साउनमा दुई हजार ६५३, भदौमा एक हजार ८९९, असोजमा एक हजार ४८३, कात्तिकमा दुई हजार १३७, मंसिरमा तीन हजार ८२२, पुसमा चार हजार ६३७, माघमा तीन हजार ३२, फागुनमा तीन हजार १९३ जनाले सेवा लिएका छन् । उक्त चिकित्सालयमा स्नेहन, श्वेदनबाहेक दैनिक ३५ देखि ६५ सम्म बिरामी उपचारका लागि आउने गरेका छन् । उनले भने, 'अधिकांश बिरामी पेटसम्बन्धी समस्याका हुने गरेका छन् ।' कार्यालयका अनुसार ओपिडी सेवा बिहान ९:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म नियमित सञ्चालनमा हुँदै आएको कार्यालय प्रमुख आयुर्वेद चिकित्सक डा. नारायण श्रेष्ठले बताए । *रासस*

## वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना !

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/२८ गते*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान ३०८ को २९८९.१६ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अमृता सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले India बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा विक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | UNDERCOUNTER CHILLER 4 DRAWER | 1350X700X850 | Williams | AWR1350D4 | 300 LTR | INDIA | PCS | 433000.00 | 433000.00 |
| 2 | UNDERCOUNTER FREEZER 4 DRAWER | 1350X700X850 | Williams | AWF1350D4 | 300 LTR | INDIA | PCS | 489000.00 | 489000.00 |
| 3 | BLAST FREEZER 40KGS | 800X800X1815 | Williams | BCF40 | 290 LTR | INDIA | PCS | 995000.00 | 995000.00 |
| 4 | UPRIGHT CHILLER 2 SS DOOR | 700X850X2050 | Williams | GN600TN2 | 600 LTR | INDIA | PCS | 350000.00 | 350000.00 |
| 5 | UNDERCOUNTER CHILLER 2 SS DOOR | 1350X700X850 | Williams | AWR1350L2 | 310 LTR | INDIA | PCS | 290000.00 | 290000.00 |
| 6 | BLAST FREEZER 40KGS | 800X800X1815 | Williams | BCF40 | 290 LTR | INDIA | PCS | 995000.00 | 995000.00 |
| **विक्रेताको फर्मको नाम** : Mass Holdings Pvt. Ltd. | | | | | | **स्थायी लेखा नम्बर** : 606560816 | | | |
| **ठेगाना** : Dhumbarahi, Kathmandu | | | | | | **फोन नं** : 9802305411 | | | |

## Sotang Rural Municipality
## Office of Rural Municipal Executive
**Sotang, Solukhumbu**
**Koshi province, Nepal**

### Invitation for Sealed Quotation.

**Date of Publication: 2082/12/28 (11/04/2026)**

1. Sotang Rural Municipality invites sealed quotations from registered firm/Suppliers for the procurement of hospital medicine & surgical goods for the fiscal year 2082/083.

| S. N. | Contract No. | Description | Bid Security Amount (NPR) | Bid Validity | Cost of Bid Document (NPR) | Estimated Amount with VAT | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 01 /SQ/ Health/ SRM /2082/83 | Supplying and Delivery of Hospital medicine & surgical goods. | 37500/- | 75 days | 1,000.00/ | 15,00,000 /- | 2083/01/11 | 2083/01/12 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No.5, Contact: 9842930888.
3. Bidders Information to Deposit the cost of bids Document in bank:
   Name of the Bank: **Agriculture Development Bank, Solukhumbu**
   Name of the Office**: Sotang Rural Municipality Office, Solukhumbu.**
   Office Code No. 801010908
   Office Account No. 1125501429939116 (For Bid Document)
   Office Account No.  1125501429939035 (For Bid Security)
4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**


## मलेसियामा रोजगार
कम्पनी : YKM ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. No. 340557 | चलानी नं. ६०२५३९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 30 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ बैशाख ८ गते (18th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## मलेसियामा रोजगार
कम्पनी : SP PITAYA FRUITS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. 340531 | चलानी नं. ६०२५३९२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 10 | 0 | 1700 | ६३,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LOVESEAT INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. 340546 | चलानी नं. ६०२५३९४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Manufacturing) | 12 | 0 | 1700 | ६३,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ बैशाख ८ गते (18th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## RBA COMPLIANCE
## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर !!
## आर.वि.ए. मापदण्ड

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

COMPANY : DOU YEE MANUFACTURING SDN BHD
कम्पनी : डु यी म्यानुफेक्चरीङ एसडीएन बीएचडी

Pre Approval Date : 2026/04/10 | LT. No. 340538 | Invoice No. 60253950
पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | एल टि न. ३४०५३८ | चलानी नं. ६०२५३९५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operation | 18 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कँसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने रोजगारदाताले ब्यहार्ने
How much is the Service Fee and who will bear it By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 18th April, 2026 in office premisees.**
**अन्तर्वाता मिति २०८३ बैशाख ५ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4962338

बिस्का जात्राको पहिलो दिन पाँचतल्ले मन्दिर प्रांगणबाट भैलखलाई क्वने र थनेका बासिन्दाले अगाडि पाँच र पछाडि चार वटा डोरी तानातान गरेर आ-आफ्नो टोलतर्फ लैजाने परम्परा रहेको छ । जात्राको मुख्य आकर्षण नै भैलखः तानातान गर्नु हो । यसरी तानातान गर्ने क्रममा थनेतर्फ तानेर लानसके दत्तात्रयसम्म लैजाने र त्यहाँबाट तानेर पुनः तमारी हुँदै क्वनेतर्फको तेखापुखुसम्म ल्याएर त्यहाँबाट फर्काएर गःहिटीमा द्योः थातेलाकेगु (भैलखःलाई ठाउँमा पुऱ्याएर) पहिलो दिनको जात्रा सम्पन्न गरिन्छ ।




# बिस्काः नौ दिन आठ रात जात्रा

लक्ष्मी गारु/भक्तपुर

भक्तपुरको सांस्कृतिक एवं ऐतिहासिक महत्त्व बोकेको प्रसिद्ध बिस्का जात्रा शुक्रबारदेखि सुरु भएको छ । साँझ तमारीस्थित पाँचतल्ले मन्दिर अगाडिबाट भद्रकालीको रथलाई घट्खा टोलमा पुऱ्याई भैलखः (भैरवनाथको रथ) तानातान गरी जात्राको सुरुआत गरिएको हो । यससँगै अब भक्तपुर नौ दिन आठ रात जात्राको रौनकमा झुम्ने छ ।

काठैकाठले प्यागोडाशैलीमा निर्माण गरिएको तीनतल्ले भैलखःमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतल्ले मन्दिर प्रांगणबाट थने (माथिल्लो) र क्वने (तल्लो) टोलमा तानेर लैजाने परम्परा रहेको छ । तान्नुअघि भैलखःमा खड्ग, तरवार, निशान राख्ने गर्दछ ।

बिस्का जात्राको पहिलो दिन पाँचतल्ले मन्दिर प्रांगणबाट भैलखलाई क्वने र थनेका बासिन्दाले अगाडि पाँच र पछाडि चार वटा डोरी तानातान गरेर आ-आफ्नो टोलतर्फ लैजाने परपम्परा रहेको छ । जात्राको मुख्य आकर्षण नै भैलखः तानातान गर्नु हो । यसरी तानातान गर्ने क्रममा थनेतर्फ तानेर लानसके दत्तात्रयसम्म लैजाने र त्यहाँबाट तानेर पुनः तमारी हुँदै क्वनेतर्फको तेखापुखुसम्म ल्याएर त्यहाँबाट फर्काएर गःहिटीमा द्योः थातेलाकेगु (भैलखःलाई ठाउँमा पुऱ्याएर) पहिलो दिनको जात्रा सम्पन्न गरिन्छ ।

जात्रामा भैलखः तान्ने परम्परागत रुट क्वने (तल्लो टोल) तर्फ तमारी, बुलुँचा, घट्खा, नासमना, मुलाखु, वंशगोपाल, तेखापुखुसम्म र थने (माथिल्लो टोल)तर्फ क्वाछें, साकोठा, सुकुलढोका, गोमारी, इनाचो, दत्तात्रयसम्म रहेको छ । जात्राको दोस्रो दिनलाई शून्य मानिन्छ । तेस्रो दिन गःहिटीमा भैरवनाथलाई राँगो बलि चढाई गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ । उक्त बलिपूजाको मासु प्रसादका रूपमा लाकुलाछेबासीलाई बाँडिन्छ, जसलाई स्थानीय भाषामा 'स्याःक्वःत्याःक्वः' भनिन्छ ।

जात्राको चौथो दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरु म्ह यसींद्यो (हात नभएको लिंगो) उभ्याइन्छ भने साँझपखः तान्त्रिक विधिपूर्वक दशकर्म विधान गरी ५५ हात लामो यसींद्योः भेलुखेलस्थित ल्यसिङखेलमा उभ्याइन्छ । यसींद्योः( लिंगो) उभ्याउने जात्रा बिस्काको अर्को आकर्षण रहेको छ । पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको पूर्वसन्ध्यामा यसींद्योः उभ्याउने गरिन्छ ।

यसींद्योः कोखामा झुण्ड्याइएका दुई ध्वजाहरूलाई वीरध्वजा र विश्वध्वजा भनिन्छ । एकजोडी ध्वजाहरू फुकाएपछि एउटा संवत् फेरिने हुनाले बीचमा फुकाएर हेर्न हुँदैन भन्ने धार्मिक मान्यता रहेको छ । यसींद्योः उभ्याउन बाँधिएका आठवटा डोरीलाई अष्टमात्रिकाको प्रतीक मानिन्छ । यसींद्योः उठाइसकेपछि राति नवदुर्गा देवगण त्यहाँ उपस्थित हुन्छ । तलेजुमा दुमाजुको विशेष पूजा गरी जात्रा गरिन्छ ।

यसींद्योः उठाएको हेर्नाले शत्रुहरू नाश हुन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यसलाई शत्रुहन्ता जात्रा पनि भनिन्छ । यसदिन भैलखः र भद्रकालीको रथलाई ल्यसिङखेलमा पुऱ्याइन्छ । यसींद्योः उठ्नासाथ स्थानीय बाराही देवीको तिंप्वाः जात्रा इन्द्रायणी देवीको त्वारिवा जात्रा मनाइन्छ ।

बिस्का जात्राको पाँचौं दिन अर्थात् नयाँ वर्ष वैशाख १ गते बिहानैदेखि चुपिङघाट र ल्यसिङखेलमा भक्तजनहरूको भीड हुन्छ । यस दिन स्थानीय टोलटोलमा रहेका विभिन्न बाजागाजा बजाएर परम्परागत पोसाक लगाएर भैरव, भद्रकाली, बेताल र यसींद्योःको दर्शनपूजन गरिन्छ । बेताललाई पोथी कुखुराको बलि दिइन्छ । साँझ भैरवनाइकेहरूले विधिवत्रूपमा पूजा गरी साँझ यसींद्योः ढालिन्छ । त्यसको लगतै भैलखः र भद्रकालीको रथलाई तानेर गाःहिटीमा पुऱ्याएर एकापसमा जुधाई संगम जात्रा मनाइन्छ । जसलाई स्थानीय भाषामा द्योः ल्वाकिगु जात्रा भनिन्छ । तलेजुमा दुमाजु देवीको जात्रा गरिन्छ ।

जात्राको छैटौं दिन महाकाली र महालक्ष्मीको जात्रा गरिन्छ । सातौं दिन तचपालमा ब्रम्हायणी र महेश्वरीको जात्रा गरिन्छ । यसै दिन तालाक्वमा बटुकभैरव र ज्याठा गणेशको सिन्दूरजात्रा गरिन्छ भने खँलामा परदेशी भीमसेनको खटजात्रा मनाइन्छ । आठौं दिनमा भक्तपुरका शक्तिशाली देवदेवीहरूलाई आ-आफ्नो द्यो छेंबाट निकाली प्रांगण, सतल र पाटीहरूमा राखेर पूजा गरी विभिन्न प्रसादहरू चढाएर द्यो स्वगं पूजा (सगुनजात्रा) मनाइन्छ । यो जात्रा दिनभरि मनाइन्छ ।

जात्राको अन्तिम दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरु म्ह यसींद्यो(हात नभएको लिंगो) ढाल्ने जात्रा मनाइन्छ । साँझ चोछें टोलमा छुमा गणेश जात्रा मनाइन्छ । यस दिन भैलखःलाई गःहिटीबाट पहिलो दिनमा जस्तो थने (माथिल्लो) र क्वने (तल्लो) टोलका बासिन्दाले तानातान गरी जात्रा सम्पन्न गरिन्छ ।

बिस्का जात्राका ऐतिहासिक पक्षका सम्बन्धमा तमारीस्थित यक्ष मल्लको पालाको शिलालेखमा पहिलो पल्ट जात्रालाई सम्बोधन गर्दा विश्व जात्रा भनी उल्लेख गरिएको संस्कृतिविद् एवं इतिहासविद् प्राडा पुरुषोत्तमलोचन श्रेष्ठ बताए । भक्तपुरको राजदरबारमा नेपाल संवत् ८०८ र ८१८ को राजा जीतामित्र र भूपतिन्द्र मल्लको पालामा लेखिएको अभिलेखमा विस्क्यात शब्द उल्लेख रहेको प्राडा श्रेष्ठले बताए । तलेजुमा अहिलेसम्म चल्ने बिस्का जात्राको संकल्प पूजामा विश्वजात्रा महापर्व भनेर सम्बोधन गरिएको उनले भने ।

प्राडा श्रेष्ठले बिस्का जात्राको प्रचलित किंवदन्ती गलत भएको दाबी गरेका छन् । उनले बिस्काजात्रा नितान्त भैरवनाथ र भद्रकालीसँग सम्बन्धित रहेको र यसको प्रचलित सर्प मारेको, नागनागिनीसँग जोडिएको किंवदन्ती भ्रम रहेको बताए । 'यो जात्रा विश्वनाथ भैरवकोमात्र नभई उनकै शक्ति भद्रकालीको हो । विश्व भैरवनाथको प्रतीक जात्राको चौथो दिन भेलुखेलको ल्यसिंङखेलमा उठाएको योसिंद्योःमा फहराइने एकजोडी हलिपत (ध्वजा) साक्षात भैरव र भद्रकालीको हो । यसलाई जबर्जस्ती 'वि' को अर्थ सर्प र 'स्यात'को अर्थ मारियो भन्ने अर्थमा बिस्क, बिस्का, बिस्केत चल्दै आएको भ्रम मानसिकता व्याप्त रहेको छ ।

क्रमशः पृष्ठ ५ मा

# सांस्कृतिक पर्वः 'चैत बारूवाँ, सोरूवाँ र बिसुवाँ'

शुरबहादुर सिंह/कर्णाली

'चैता बारुवाँसम्म घर आएन भने जुम्ली मऱ्यो भुनि जान्नु' अर्थात् (चैतको १२ गतेसम्म पनि घर पुगेन भनेर जुम्लीको मृत्यु सुनिश्चित गर्नू) । यो कर्णालीको जनजीवनमा आधारित यथार्थ र कारुणिक कथन हो । कथनी भए पनि करणीसँग मेला खाने यस भनाइले यहाँको सामाजिक र सांस्कृतिक जीवनसँग अन्तरसम्बन्ध राख्दछ ।

खासगरी असोज-कात्तिकमा धान, कोदो, फापरलगायतका बाली भण्डारण गरेर कालापहाड जाने कर्णालीवासीको जीवनशैलीसँग अन्तरसम्बन्धित कथा बोकेको ऐतिहासिक महत्त्वको दिन हो, चैत १२ गते अर्थात् बारुवाँ । यसलाई जुम्लाले विशेष महत्त्व दिएर 'मुठो रोपेर मुरी उत्पादन' गर्ने शुभदिनका रूपमा मनाउने गर्दछ ।

कर्णाली प्रदेश सरकारले राजपत्रमै प्रकाशन गरेर चैतको १२ गतेलाई जुम्लाको धान दिवस मनाउने गरी सार्वजनिक बिदा दिँदै आएको छ । त्यसैअनुसार धान दिवसका रूपमा जुम्लालाई चैत १२ गते सार्वजनिक विदा दिइन्छ । यही दिनबाट धानको बीउ उमार्न कृषकहरूले चार/चार दिनको फरक पारेर बेर्नामा छर्ने बीउ तयार पार्दछन् ।

कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्यका अनुसार जुम्लाले चैत महिनालाई 'बारुवाँ (१२ गते), सोरुवाँ (१६ गते) र बिसुँवा (२० गते)' पर्वका रूपमा मनाउँछ । चैत १२ गते नदी वा खोला किनारको पानीमा धान भिजाउने, चैत १६ त्यहाँबाट निकाल्ने र चैत २० गते आलीमा बीउ छर्ने दिन सामाजिक तथा सांस्कृतिक दृष्टिले सम्पन्न मानिन्छ । यो पर्व अहिले पनि विद्यमान छ र नागरिकले यसलाई निरन्तरता

कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्यका अनुसार जुम्लाले चैत महिनालाई 'बारूवाँ (१२ गते), सोरूवाँ (१६ गते) र बिसुँवा (२० गते)' पर्वका रूपमा मनाउँछ । चैत १२ गते नदी वा खोला किनारको पानीमा धान भिजाउने, चैत १६ त्यहाँबाट निकाल्ने र चैत २० गते आलीमा बीउ छर्ने दिन सामाजिक तथा सांस्कृतिक दृष्टिले सम्पन्न मानिन्छ । यो पर्व अहिले पनि विद्यमान छ र नागरिकले यसलाई निरन्तरता दिइरहेका छन् ।

दिइरहेका छन् । खासगरी त्यस दिन जुम्ली किसानहरूले वर्षभरि लगाउने सबै खेतबारीमा रोप्न मिल्ने आँकलन गरी त्यही परिमाणमा कालीमार्सी धान केलाएर पुष्ट धानलाई भाँगो वा अल्लाबाट बनेको बोरोमा हालेर नजिकैको नदी वा खोलामा भिजाउने परम्परा रहेको आचार्यले बताए ।



बारुवाँमा भिजाइएको धानलाई चार दिनपछि सोरुवाँ (चैत १६) गतेका दिन पानीबाट उतारेर घरमा ल्याउँछन् । भिजाइएको धानलाई घरको चुल्होसँग जोडिएको मैडो(समथर ठाउँ)मा राख्छन् । सल्लाको झुप्रा वा भोजपत्रले त्यसलाई ढाकेर न्यानो बनाउँछन् । त्यही दिनमा भिजाइएको धानको चिउरा कुट्छन् र पोइलीमा गएकी छोरी बहिनीहरूलाई कोशेलीका रूपमा पठाउने गर्दछन् ।

विशेषतः बारुवाँ पर्व, चन्दननाथ बाबा र लक्षालकृति पैकलोबीच अन्तरसम्बन्ध रहेको जानकार आचार्यले बताए । 'प्रदेश सरकारले बारुवाँलाई केन्द्रित गरी जुम्लामा सार्वजनिक बिदा दिएर बारुवाँ संस्कृतिको ऐतिहासिक बिरासत जोगाएको छ,' उनले भने, 'बारुवाँले मार्सी धानको शुभारम्भ, यसको खोज र उत्पादनको इतिहासलाई पल्टाउँछ ।' उनका अनुसार साके सम्वत् १५१५ मा विद्धान हरिदास आचार्यले लेखेको ५० श्लोकको 'सिद्ध पञ्चाशती' मा पनि कालीमार्सी धान जुम्लामा उत्पादन भएको व्याख्या गरिएको छ ।

१५औं शताब्दीतिर चन्दननाथ बाबाले आफ्नो अध्ययन, खोज तथा अनुसन्धान कालीमार्सी धान पत्ता लगाएको पाइन्छ । किंवदन्तीअनुसार तातोपानी गाउँपालिकामा जन्मेको लक्षालकृति पैकलो (शूरबीर)ले तातोपानीकै लाक्षु जिउलोको बीचमा अवस्थित गुरु फोक्टो (गह्रो)बाट कालीमार्सी धानखेती सुरुआत गरेको इतिहासमा उल्लेख भएको उनको भनाइ छ ।

को हुन् लक्षालकृति पैकेलो ?

किंवदन्तीअनुसार लक्षालकृति पैकेलो चन्दननाथ बाबाको आज्ञाकारी चेलो थिए । यद्यपि तातोपानी गोप्थडा गाउँनिवासी सन्तानविहीन बुँदे बूढा वनमा निगाला लिन जाँदा रोइरहेका बालक भेटाएपछि घरमा ल्याएर धर्म छोरो बनाएका थिए । उनले दानुवा दह नजिकको दानसाँघु भिट्टो (डाँडो), हालको जुम्ला सदरमुकामको यावा दहसँग जोडिएको खलाचौर भिट्टो र लामी रहसँग जोडिएको बाँजाराउला भिट्टो काटेर जुम्लामा मानव बस्ती बसाल्नुका साथै धानखेती सुरु गरेका थिए भन्ने भनाइ छ ।

इतिहासकारहरूलाई उद्धृत गर्दै आचार्यले लक्षालकृति एक असाधारण, शक्तिशाली, पराक्रमी एवं परिश्रमी व्यक्ति भएको र उनले गरेको मार्सी धान खेतीपछि साविकका कर्णालीका अन्य जिल्लामा पनि फैलिएको बताए । लक्षालकृति पैकलोले धानखेती सुरु गरेको गुरु फोक्टो रहेको जिउलोको नाम लाक्षु रहेकाले जुम्लाका चौधबीस, असी, सिञ्जा दरा (भेक) बाहेक पाँच सय दरामा कालीमार्सी धान उब्जनी गर्न थालिएको उनको भनाइ थियो ।

तातोपानी गाउँपालिकाका पूर्वअध्यक्ष नवराज न्यौपानेले सामाजिकसहित सांस्कृतिक बिरासत बोकेको बारुवाँ (चैत १२) ले कर्णालीको आत्मनिर्भरतालाई समेत जोड दिँदै आएको बताए । आत्मनिर्भर एवं स्वाभिमानी जीवन जीउन, मेहनत, परिश्रम गरेर खाने संस्कारलाई बढावा दिनुका साथै बेला चुकाउनेले अन्त्यमा गएर चुकचुकाउने (पश्चाताप) गर्ने सिवाय केही गर्न सक्दैन भन्ने अर्थपूर्ण सन्देश पनि नागरिकमा प्रवाह गर्दै आएको उनले जनाए ।

उनले भने, 'हाम्रो खेती प्रणाली र पर्यावरण बचाउन हामीले मान्दै आएका संस्कृतिले ठूलो सहयोग पुऱ्याउँदै आएका छन् । यद्यपि आधुनिकताको तीव्र विकासले मौलिक संस्कृतिहरू लोपमात्र होइन, हामी नागरिकमा परनिर्भरता बढ्दै गएको छ ।' ब्यूटाकलरको प्रयोगपछि त्यसको असर सहन नसकेको कालीमार्सी पछिल्लो समयमा लोपोन्मुख अवस्थामा पुगेकोले नागरिकमा चिन्ता बढेको उनले बताए ।

क्रमशः पृष्ठ ५ मा

# चार महिनापछि खुल्यो लहान नगरपालिकाको बैंक खाता

**सिरहा–** विगत चार महिनादेखि रोक्का रहेको लहान नगरपालिकाको बैंक खाता बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ। खाता सञ्चालनमा आएसँगै लामो समयदेखि रोकिएको कर्मचारीको तलब, सामाजिक सुरक्षाभत्ता र विकास निर्माणका कामको भुक्तानी हुने भएको छ।

खाता रोक्का हुँदा नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकले तलब पाउन सकेका थिएनन्। यसका साथै विद्यालयका पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदानसमेत रोकिएकाले शैक्षिक क्षेत्र नराम्ररी प्रभावित भएको थियो। तलब नपाएपछि कर्मचारी र शिक्षकहरूले नयाँ वर्ष २०८३ अघि नै निकासा नभए कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका थिए।

नगरपालिकाको खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाको सरुवासम्बन्धी विवाद थियो। सरकारले झाको स्थानमा शिक्षातर्फका उपसचिवलाई पठाउन खोजेपछि नगरपालिकाले असहमति जनाएको थियो। आफ्नो अवकाश हुन केही महिनामात्र बाँकी रहेको भन्दै झाले सरुवा रोक्न प्रशासकीय अदालतमा मुद्दा दायर गरेका थिए।

अदालतले फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले खाता फुकुवा नगर्दा समस्या लम्बिएको थियो। हाललाई जयकान्त झा नै प्रमुख प्रशासकीय अधिकृतका रूपमा कायम रहनेगरी खाता सञ्चालन भएको हो।

खाता सञ्चालन भएपछि नगरप्रमुख चौधरीले प्रशासनिक जटिलताका कारण सेवाग्राही र कर्मचारीले भोग्नुपरेको समस्याप्रति आफूहरू सजग रहेको बताए। उनले भने, 'लामो समयको अवरोध हटेको छ, अब नगरपालिकाको आर्थिक र प्रशासनिक कामकाजले पुनः गति लिने छ र रोकिएका सबै प्रक्रियालाई हामी द्रुतगतिमा अगाडि बढाउनेछौं।'

खाता खुलेपछि अब कर्मचारीको रोकिएको तलब र सामाजिक सुरक्षाभत्ता वितरणको प्रक्रिया तत्कालै अघि बढ्ने नगरपालिकाले जनाएको छ। रासस

# पोखरा–मुग्लिन सडकको पश्चिम खण्डमा धमाधम काम

**गण्डकी–** आगामी असारसम्ममा निर्माण सक्ने लक्ष्यसहित पोखरा-मुग्लिन सडकको पश्चिम खण्डको कामलाई तीव्रता दिइएको छ। पोखराको सेती पुलदेखि तनहुँको जामुने जोड्ने उक्त सडकखण्डको भौतिक प्रगति ७७.४७ प्रतिशत र वित्तीय प्रगति ६२.२० प्रतिशत पुगेको छ। उक्त खण्डका प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले छिटफुटबाहेकका काम निर्धारित समयमै सकिने बताए।

कूल ३८.७१ किलोटोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७.२८ किलोमिटरमा दोस्रो चरणको कालोपत्र भइसकेको छ। कूल ३६.३२ किलोमिटरको सर्भिस लेनमा हालसम्म १७.६६ किलोमिटर कालोपत्र भइसकेको इन्जिनियर कुँवरले जानकारी दिए। १०५ वटा कल्भर्ट निर्माण भइसकेको र नाली निर्माणको काम पनि अन्तिम चरणमा रहेको उनको भनाइ छ। यस खण्डमा पर्ने १३ पुलमध्ये १२ वटा पुल निर्माण भइसकेका छन्।

सेती पुल भने निर्माणको चरणमा छ। 'रोड मार्किङ' गर्ने, 'रोड सेफ्टी ब्यारिअर' राख्नेलगायतका काम पनि इन्जिनियर कुँवरले बताए। चार लेन सडकतर्फ विजयपुर पुलको आडमा ४०० मिटर र पोखरा विश्वविद्यालय अगाडि एक सय मिटरमात्र कालोपत्र गर्न बाँकी रहेको उनको भनाइ छ। 'अहिले सर्विस लेन निर्माणको काम धमाधम भइरहेको छ। ३८.७१ किलोमिटरको पश्चिम खण्डमा २०.५५ किलोमिटर चार लेन र १८.१६ किलोमिटर छ लेनको सडक बन्छ,' इन्जिनियर कुँवरले भने।

अहिले तालचोकदेखि डाँडाकोनाक र खैरेनीटारदेखि दुलेगौंडासम्म 'रोड सेफ्टी ब्यारिअर' निर्माणको काम भइरहेको जनाइएको छ। जामुनेदेखि दुलेगौंडासम्म 'रोड मार्किङ'को काम भइरहेको आयोजना कार्यालयले जनाएको छ। यस वर्षमात्र ३३.७८ किलोमिटरको चार लेन सडकमा अस्फाल्ट प्रविधिबाट दोस्रो तहको कालोपत्र भएको हो। १५.६ किलोमिटर सर्भिस लेनसहित विजयपुर खोला पुल र दुईवटा कल्भर्ट निर्माण गरिएको छ। १२.१ किलोमिटरको चार लेन सडकमा यही वर्ष पहिलो तहको कालोपत्र गरिएको हो।

अघिल्ला वर्षको तुलनामा यस वर्ष सडक निर्माणको कामले गति लिएको इन्जिनियर कुँवरले बताए। यसअघि सडक निर्माण कार्य सुस्त हुँदा ठेक्काको म्याद पनि थपिँदै आएको थियो। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले यस खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो।

सडक ठेक्काअन्तर्गतका १२ वटा पुल बने पनि पुल ठेक्काअन्तर्गत पोखराको सेती पुल निर्माणाधीन अवस्थामा छ। उक्त पुलको भौतिक प्रगति ५८.३७ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ। आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुल रसुवा कन्स्ट्रक्सनले निर्माण गरिरहेको हो। 'केबल-स्टेड' प्रविधिको उक्त पुलमा जग र टावर निर्माणको काम पूरा भइसकेको इन्जिनियर कुँवरले बताए। अहिले सुपर-स्ट्रक्चरको काम भइरहेको उनको भनाइ छ।

गत भदौमा तीनवर्षे ठेक्का अवधि सकिएपछि पुल निर्माणका लागि आगामी वैशाखसम्म म्याद थप भएको छ। निर्माण कम्पनीले पुलका लागि चाहिने केबललगायत सामग्री समयमा ल्याउन नसक्दा पनि काममा ढिलाइ भएको इन्जिनियर कुँवरले बताए। अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा 'सिग्नेचर' पुल बन्ने उनको भनाइ छ। एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत ९४ करोड रूपैयाँको ठेक्कामा उक्त पुल निर्माण भइरहेको हो। *रासस*

पृष्ठ ४ बाट क्रमशः

## बिस्का...

उनले भने, 'नाम, प्रमाण र भाषा विज्ञानकै साहारा लिएर भन्ने हो भन्ने वि को अर्थ हो पुरानो। नवदुर्गा गणलाई वि त्वंकेगु भन्दा तान्त्रिक विधिपूर्वक पुरानो रगत खुवाउने प्रचलन अहिलेसम्म चलिआएको छ। स्यातको अर्थ मारियो हो तर बिस्क, बिस्कामा कहाँ क हरायो त भन्ने मेरो प्रश्न हो ? स्यातबाट कसरी स्का हुन गयो ? यो जात्राको विषयमा अहिलेसम्म चलेका प्रमाण, अभिलेखक र मल्लकालीन राजा जगत प्रकाश मल्लदेखि शाह वंशीय राजा त्रिभुवन, ज्ञानेन्द्र र तत्कालीन प्रधानमन्त्री गिरिजाले फेरेका हलिपतमा हेर्न हो भन्ने विश्वकेतु, विरध्वजा लेखिएको छ। यस मानेमा विश्वनाथको ध्वजा विश्वध्वजा र विरध्वजा हो भन्ने कुरा स्पष्ट छ। यसमा विर भनेर भैरवको वाहान विर बेताललाई भनिएको हो। त्यस मानेमा ध्वाजा विश्वध्वाजा र विरध्वाजा मान्न सकिन्छ। तर जनमानसमा यो नागनागिनी भनेर प्रचलित छ यो गलत हो।'

जात्रामा पहिलो र अन्तिम दिन भैलखः तान्ने क्रममा झडप हुने गरेको छ। सम्भावित झडप रोकी जात्रालाई व्यवस्थितरूपमा मनाउन दिउँसो ३:०० बजे भैलखः तानेर ५:०० बजे जात्रा सम्पन्न गर्ने तयारी गरिएको छ। रातको समयमा जात्रा सञ्चालन हुँदा भैलखःले किचेर मानिसको मृत्यु हुने, जात्रा हुने स्थानका घर र सार्वजनिक पाटीपेटीमा क्षति पुग्ने भएकाले त्यसलाई रोक्न दिउँसो जात्रा सुरु गर्ने सम्पूर्ण तयारी पुरा भएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए।

जात्रालाई मर्यादित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न चरणबद्ध रूपमा सरोकारवालाहरूसँग छलफल गरेर विभिन्न रणनीति तयार गरेको बताउँदै प्रजिअ ढकालले यस वर्ष जात्रामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र सादा पोसाकमा करिब दुई हजार सुरक्षाकर्मी परिचालन गर्ने जानकारी दिए। जात्रामा उच्छृंखल गतिविधि गर्ने र हुलदंगा मच्चाउन खोज्नेको पहिचान गर्न व्यापकरूपमा सादा पोसाकमा सुरक्षाकर्मी परिचालन गर्ने उनले बताए।

भैलखःमा अनियन्त्रित तरिकाले धेरै मानिस चढ्नाले रथबाट खसेर घाइते हुनु, च्याप्नु, किचेर ज्यान जाने भएकाले त्यसलाई नियन्त्रण गर्न भैलखःमा भैरव नाइके, गुथि र स्थानीय क्लबका सीमित पदाधिकारीहरू मात्र चढ्ने व्यवस्था गरिएको छ। साथै, यस वर्ष रथमा बस्ने सबैले नांगो खुट्टा राख्ने व्यवस्था मिलाएको छ।

जात्रामा हुलदंगा गर्नेको पहिचानका लागि चोकचोकमा सिसिक्यामेरा जडान गरिएको जानकारी दिँदै प्रजिअ ढकालले क्यामराको फुटेजका आधारमा जात्रापछि पनि नियन्त्रणमा लिई कारबाही गरिने बताए। जात्रामा हुलदंगा गरी सुरक्षा व्यवस्थामा खलल पुऱ्याउनेलाई पक्राउ गरी प्रचलित कानुनबमोजिम कारबाही गरी विदेश जान नमिल्नेगरी रेकर्ड राखिने बताए। *रासस*

## सांस्कृतिक पर्व...

नेपाल कृषि अनुसन्धान केन्द्रले पुरानो र नयाँ प्रविधिको संयोजनबाट कालीमार्सीको साख बचाउनुपर्ने र सबै तहका सरकारहरूको संलग्नतामा यसको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन हुनुपर्ने पूर्वअध्यक्ष न्यौपानेले सुझाए। उनका अनुसार कालीमार्सीको संरक्षणसँगै यहाँका रैथानेबालीहरू कोदो, सिमी, फापर, चिनो, कागुनो, मार्से र उवाको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुग्न सक्छ।

### बारुवाँ, सोरुवाँ, बिसुवाँ र सामाजिक जीवन

बारुवाँ र सामाजिक जीवनको आफ्नै अन्तरसम्बन्ध छ। बारुवा पर्व मात्र नभई कर्णालीको समग्र खेती प्रणाली, यहाँका मान्ठ (नागरिक)हरूको दिनचर्यालाई यथार्थरूपमा चित्रण गर्ने सामाजिक एवं मौलिक महत्त्वको दिन हो। यसको सामाजिक तथा सांस्कृतिक महत्त्वले जुम्लाईतरको इतिहास र वर्तमान अवस्थाको तुलनात्मक ढंगबाट अध्ययन एवं अनुसन्धान गर्न मुखरित गर्दछ। बारुवाँले जुम्ली घर आउने कुरासँग मात्र सम्बन्ध राख्दैन। उनीहरूको चालचलन, भेषभूषा, रितिरिवाज, संस्कार, जीवनशैली र उतिबेलादेखि आजसम्मको कर्णालीको वास्तविकता सरल तवरबाट कोट्याउन उत्प्रेरित गर्दछ।

जुम्लीको छ महिनाको कहालीलाग्दो कालापहाड यात्रा, त्यो अवधिमा भोगेका तीता क्षणहरू, परदेशीको पर्खाइमा बस्ने परिवार, घर फिर्तीपछिको मिलन, खुसी र रोदनको निर्धारण पनि यही बारुवाँले गर्दथ्यो। त्यो परिवेश आजसम्म पनि कायम छ। फरक यतिमात्र हो, अहिले चैत १२ गतेको दिन भेट्न जुम्लाका मान्ठहरू गाडीमा आउँछन्, उतिबेला महिनौं दिनको पैदल यात्रापछि चैत ११ गतेसम्म घर पुग्ने गर्दथे।

डेढ दशक अघिसम्म साविक कर्णाली पैदल यात्राकै भरमा जुम्ला पुग्थ्यो। आज करिब घरसम्मै मोटर पुग्छ। तर उतिबेला चैतको १२ गते कसैको घरमा निकै खुसीयाली हुन्थ्यो भने कसैको घरमा रुवाबासी। कालापहाड गएको छ महिनापछि परदेशी घर नफर्कंदा एकै छिमेकका परिवारमा कसैले श्रीमान, कसैले छोरा त कसैले बाउ, दाइभाइ, काका, भाञ्जा, देवर गुमाएको हुन्थ्यो।

आफ्नो सदस्य गुमाएको परिवारको कारुणिक दृश्यले छिमेकीलाई पनि स्तब्ध बनाउँथ्यो। अघिल्लो दिन मखमली चोलो, धोती (गाबुन), पटुका, चुरापोते, चुलठीलगायतले सुन्दर पहिरनमा सजिएकी महिला क्षणभरमै फेरिएको सेतो पहिरनले विरूप बन्न विवश हुन्थिन्। परदेशीको अनागमनले आशातीत परिवारको एकाएक खुसी लुटिन्थ्यो। उनीहरूको आशा सधैंका लागि सकिएर जान्थ्यो।

यद्यपि मौलिक एवं विशेषतायुक्त कर्णालीको ग्रामीण संस्कार दुःखमा परेका परिवारका लागि निकै सहयोगी बन्थ्यो। छिमेकीहरूले पीडित घर परिवारलाई वर्षौंसम्म खेती किसानी, धारा पँधेरा, वस्त्र व्यवस्थापनलगायतका कुरामा सहायता गरिरहन्थे। विडम्बना, सेतो पहिरनकी महिलाप्रति हेर्ने सामाजिक दृष्टिकोण भने निकै फरक अर्थात् कमजोर थियो। उनले हेपिएर बस्नुपर्ने बाध्यता झेलिरहनु पर्थ्यो। अपितु, अहिलेको समाज त्यो भन्दा धेरै माथि उठेको छ।

तिला गाउँपालिका-४ जुम्ला निवासी बीरबहादुर सिंहले कालापहाडमा गएर आफ्नै सहपाठीहरूले अकालमा ज्यान गुमाएको तीतो अनुभव सुनाए। 'जुम्लाबाट खानाखर्च, लत्ताकपडा, भाँडाकुडासहित पैदल हिँडेर नेपालगञ्ज पुग्न महिना दिन लाग्थ्यो,' सिंहले भने, 'भारतमा ज्यालादारी काम गरेर छ महिनापछि बारुवाँ भेटाउनै पर्थ्यो तर साथी गुमाएर घर पुगेको दिन निकै पीडादायी हुन्थ्यो। शोकाकुल परिवारलाई कसरी सम्झाउने होला भन्ने कुराले पिरोलिनु पर्थ्यो।'

विगतमा हुलाकीको काम परेवाले गर्दथ्यो भन्ने किंवदन्ती र बिहान काग कराउँदा के खबर लिएर आयो भनेर निधो गर्ने संस्कारलाई आज सूचना, सञ्चार र नवीनतम् प्रविधिको विकासले विस्थापित गरिदिएको छ। कुनै बेला सञ्चारको निकै प्रभावकारी र भरपर्दो माध्यम मानिने हुलाक सेवाको रूपान्तरण अपेक्षित हुन नसक्दा यो सेवा पनि आजको युगमा पानासोनिक रेडियोको अवस्था पुगेको आभास हुन्छ।

शारीरिक स्पर्शबाहेक करिब सबै कामहरू आधुनिक प्रविधिले समाधान गरिरहेको छ। त्यतिमात्र होइन, यो सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता बोकेको हाम्रो मौलिक संस्कृति, संस्कार तथा सभ्यता संरक्षणमा ठूलो चुनौती बन्दै गएको छ। प्रकृति र मौलिकतासँग जोडिएका कुरालाई संरक्षण र जगेर्ना गर्न राज्यले त्यही प्रकारको नीति तथा कार्यक्रम ल्याउनुपर्ने जुम्लाकी युवा नेतृ लक्ष्मीकन्या बुढाले बताइन्।

उनका अनुसार लोपोन्मुख अवस्थामा पुगेको काली र रातो मार्सी धानजस्ता रैथाने बालीहरू ब्लास्ट रोग (धानमा लाग्ने मरुवा रोग)को संरक्षणमा समस्या हुँदै गएको छ। यसको संरक्षण, अनुसन्धान र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मानव जीवनसँग जोडिएको संस्कृति, परम्परा र पहिचानको जीवित दस्तावेजलाई जीवन्त राख्न तीनै तहका सरकार र समुदायबीच सहकार्य आवश्यक छ। परम्परागत ज्ञान, सीप र आधुनिक प्रविधिको संयोजनबाट यसको जगेर्ना गर्नुपर्दछ। मानवीय भावना, सामाजिक तथा सांस्कृतिक जनजीवन, परिवेश, संस्कार, मौसम, कृषि कर्म र मानव जीवन अस्तित्वसँग जोडिएको 'बारुवाँ, सोरुवाँ र बिसुवाँ पर्व' कर्णालीको समग्र मानव जीवनको द्योतक हो। *रासस*


**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना !**

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/२८ गते*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १०१ को १५०९.२६ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**सुनकोशी सामुदायिक वन उपभोक्ता समूह**
**बकैया–३, मकवानपुर**



पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. No. 340503 | चलानी नं. ६०२५३९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 7 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ५ गते (18th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-4, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814, +977-1-4984392, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



कम्पनी : UNIJOH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 340154 | चलानी नं. ६०२५३९३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 32 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ५ गते (18th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



कम्पनी : KINDA FOOD INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. No. 340534 | चलानी नं. ६०२५३९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 15 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ५ गते (18th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Sansar International Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488
श्रम इजाजत नं. ८९८/०६७/०६८



डि.स.का. द.नं. २१५८/०६५/६६

**हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

**च.न.पा.–१२, बलम्बु(भास्तिपुर), काठमाडौं**

NEFSCUN

लि.सू.नं. ०४/०८२/८३

**अचल सम्पति लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मितिः २०८२/१२/२८

तपशिलमा उल्लेखित ऋणी सदस्यले सदस्य सेवा केन्द्र हाइवे बलम्बु शाखाबाट उपभोग गर्नुभएको ऋणकर्जा साँवा, व्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा नबुझाई संस्थासँग भए गरेको कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा साथै मिति २०८२ साल फाल्गुण २० गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा कर्जा चुक्ता गर्ने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा संस्थाको नियम तथा प्रचलित ऐन, कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गर्ने उदेश्यले ३५ (पैंतिस) दिने लिलाम बिक्रि सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रिमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रिमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानून बमोजिम धितो सुरक्षण सम्पती यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सुचित गराईन्छ।


शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ साल जेठ १ गते
शिलबन्दी खोल्ने मिति र समय : २०८३ साल जेठ २ गते दिनको १:०० बजे (सो दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन)
शिलबन्दी खोल्ने स्थान : संस्थाको सदस्य सेवा केन्द, चन्द्रागिरि न.पा. वडा नं. १२, हाईवे, बलम्बु, काठमाडौं

**तपशिलः**

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

स.नं. : ००१४७

नाम : गोमा विष्ट
सा. ठेगाना : मातातिर्थ-१, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-८, काठमाडौं
ना.प्र.नं. : ३०/९१०४४
बाजेको नाम : जित बहादुर विष्ट
बुबाको नाम : भरत विष्ट
पतिको नाम : विक्रम ध्वज थापा



**धितो सुरक्षण राखिएको सम्पति र सुरक्षणधनीको विवरण :**
श्री जित बहादुर विष्टको नातिनी श्री भरत विष्टको छोरी र श्री विक्रम ध्वज थापाको श्रीमति काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ८ स्थायी ठेगाना भएको श्री गोमा विष्टको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला मातातिर्थ गा.वि.स. वडा नं. १ को कित्ता नं. ३५८ को क्षेत्रफल ०-९-०-० (२८६.११ व.मि) को जग्गा र सो जग्गमा बनेको घर समेत।

**बोलपत्र दाताको लागि शर्तहरु :**
१. बोलपत्र फारम संस्थाबाट रु. १०००/- (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र दाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।
३. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम माछापुच्छे बैंक लि. सतुंगल शाखामा रहेको यस संस्थाको खाता नं. १६०००९१९७०४०००१२ मा धरौटी रकम जम्मा गरि सक्कल बैंक भौचर बोलपत्रका साथ शिलबन्दी गरि पेश गर्नुपर्ने छ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ। संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता र निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारीमा जम्मा गर्नुपर्नेछ र उक्त अवधि भित्र रकम जम्मा नगरेमा धरौटी बापट राखेको रकम सहकारीले जफट गर्न सक्ने छ।
६. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
७. स्वीकृत बोलपत्र दाताले नामसारी, दाखिला खारेज आदि गर्दा लाग्ने दस्तुर साथै घरजग्गा कर, मालपोत, घरबाटो साथै अन्य खर्चहरु आदि बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ।
८. बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ।
९. लिलाम गर्ने भनिएको उक्त सम्पति कसैले सकार नगरेमा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरि यस सहकारी संस्था आफैले सकार गरी सो को स्वमित्व लिन वा पुनः लिलाम प्रक्रियामा जान सक्नेछ।



**मलेसियामा रोजगार** कम्पनी : VITROX AGRITECH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. No. 340555 | चलानी नं. ६०२५३९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEGETABLE & FRUITS WORKER | 10 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ५ गते (18th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९



**मलेसियामा रोजगार** कम्पनी : XINYI ENERGY SMART SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२७ | LT. No. 339906 | चलानी नं. ६०२५३२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 100 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्रि-अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २९ र ३० गते (12 and 13th April 2026) मा हुनेछ।**
**फाइनल अन्तर्वार्ता हुने स्थानः Chhorolpa Banquet Aerahity chowk, Dhungedhara, Banasthali काठमाडौंमा मितिः २०८३ वैशाख १ र २ गते (14 and 15th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**R.K.H.R. SOLUTION PVT.LTD.**
KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861,
Mob: 9818024001, 9801820670, E-mail : rkhrsolution2022@gmail.com
Govt. License 1565/079/80



**मलेसियामा रोजगार** कम्पनी : YAMAZAKI SEIGA SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | LT. No. 340547 | चलानी नं. ६०२५३९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 15 | 0 | 1700 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ५ गते (18th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

# प्रभाव दैनिक

शनिबार, २८ चैत २०८२ (Saturday, 11 April 2026)


रूपशाला

## कलाकार 'बले' हाजिरी जमानीमा रिहा



कलाकार सागर लम्साल (बले) हाजिर जमानीमा रिहा भएका छन् । उनी शुक्रबार हाजिरी जमानीमा रिहा भएको काठमाडौँ जिल्ला प्रहरी परिसरका एसपी पवनकुमार भट्टराईले जानकारी दिए । बलेलाई अमेरिकामा अध्ययनरत एक युवतीले बलात्कारको आरोप लगाएकी थिइन् । उनीमाथि उजुरी नपरेपनि अभद्र व्यवहारको कसुरमा गत चैत २१ गते प्रहरीले पक्राउ गरेको थियो । उनलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौँ जिल्ला अदालतले अनुमति दिएको थियो ।

**सगरमाथा म्युजिक अवार्ड**

# सितार वादिका शर्मालाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड'



■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ सितार बादीका विजया शर्मालाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ । राजधानीमा सम्पन्न सातौँ संस्करणको सगरमाथा म्युजिक अवार्डमा शर्मालाई नगद रु.१७,६९६ सहित गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झा, रिलायन्स फाईनान्सका डेपुटी सिइओ रामहरि आचार्य, जुरी संयोजक सन्तोष श्रेष्ठ, कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेत, कार्यक्रम संयोजक मनोज थापाले उक्त सम्मान प्रदान गरे ।

नेपाली कला र स्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्द्धन हाम्रो अभियान भन्ने नाराको साथ अर्थ नेपाल प्रालिले राष्ट्रिय नाचघर जमलमा आयोजना गरेको अवार्डमा ८८४८ सहित पत्रकार ध्रुव लम्साललाई सगरमाथा कला पत्रकारिता रजत सम्मान, शिरोमण दवाडीलाई रेडियो पत्रकारिता सम्मान प्रदान गरियो ।

कार्यक्रममा सगरमाथा संगीत सम्मान गीतकार खेमनाथ दाहाल, सगरमाथा समाजसेवा सम्मान रामराजा थापा, सगरमाथा सम्मान राजेन्द्र लुइँटेल अध्यक्ष कार्यक्रम व्यवस्थापक संघ, सगरमाथा संगीत सम्मान गीतकार लोकराज अधिकारी, सगरमाथा कला सम्मान अश्विनी झा, सगरमाथा कला सम्मान राजन बुढाथोकी र सगरमाथा सम्मान राजेन्द्र थापा मगरलाई सम्मान गरिएको थियो ।

संगीतकार सन्तोष श्रेष्ठ, साहित्यकार मालिका केशरी (प्रकाश श्रेष्ठ), कलाकार सनम कठायत, चलचित्रकर्मी देवेन्द्र बजगाई, लोक गायक कुलेन्द्र विक, गायक हेमन्त कान्छा रसाईली र गीतकार सामना शाह अवार्डको निर्णायक रहेका थिए । कार्यक्रममा गीतसंगीतका बिभिन्न बिधामा अवार्ड समेत प्रदान गरिएको थियो ।

# थलापति विजयको 'जन नायकन' रिलिजअघि नै लिक

**मुम्बई–** तमिल सुपरस्टार थलापति विजयको बहुप्रतिक्षित फिल्म 'जन नायकन' प्रदर्शन अगाडि नै अनलाइनमा लिक भएको छ । सेन्सर बोर्डसँगको विवादका कारण प्रदर्शन मिति अन्योलमा रहेको फिल्मको एचडी प्रिन्ट पाइरेटेड वेबसाइटहरूबाट लिक भएका हुन् ।

यसअघि फिल्मलाई ९ जनवरीमा पोङ्गलको अवसर पारेर रिलिज गर्ने योजना बनाइएको थियो । तर, सेन्सर सर्टिफिकेट पाउन ढिलाइ भएपछि प्रदर्शन स्थगित गरिएको थियो । फ्यानहरू फिल्मको नयाँ रिलिज मितिको प्रतीक्षा गरिरहेका बेला पूरै फिल्म नै लिक भएपछि यसले ठुलो हलचल पैदा गरेको छ ।

बलिउड मिडियाका रिपोर्ट अनुसार, केही दिनअघि फिल्मको इन्ट्रो सिन, टाइटल र क्लाइमेक्सका केही भिडियो क्लिपहरू सामाजिक सञ्जालमा भाइरल भएका थिए । मेकरहरूले ती क्लिपहरू हटाउने प्रयास गरिरहेकै बेला अहिले पूरै फिल्म नै बाहिर आएको हो । फिल्म हलमा लाग्नुअघि नै यसरी अनलाइनमा उपलब्ध हुनुलाई मेकरहरूका लागि ठुलो आर्थिक घाटा मानिएको छ ।

फिल्म लिक भएको खबर सार्वजनिक भएपछि विजयका फ्यानहरूले सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरेका छन् । उनीहरूले पाइरेसी गर्नेहरूमाथि कडा कारबाहीको माग गरेका छन् । मेकरहरूले पनि अवैध रूपमा फिल्मको लिंक सेयर गर्ने र डाउनलोड गर्नेहरू विरुद्ध कानुनी कारबाही गरिने चेतावनी दिएका छन् ।

'जन नायकन' लाई थलापति विजयको अभिनय करियरको अन्तिम फिल्म मानिएको छ । यस फिल्मपछि उनी पूर्ण रूपमा राजनीतिमा सक्रिय भएका छन् । त्यसैले पनि यो फिल्मलाई लिएर दर्शकमाझ निकै उत्साह छ । तर, रिलिज अघिको यो गडबडीले फिल्मको व्यापारमा असर पुग्न सक्ने अनुमान गरिएको छ । *एजेन्सी*

# 'निम्तो सुपारी'मार्फत 'परालको आगो'को नयाँ स्वाद




■ प्रभाव संवाददाता

**काठमाडौँ–** आगामी बैशाख ११ गतेबाट हलमा लाग्ने फिल्म 'परालको आगो'को अर्को गीत 'निम्तो सुपारी' सार्वजनिक भएको छ । शुक्रबार निर्माण टिमले उक्त गीत ओएसआरको युटुब च्यानलमार्फत रिलिज गरेको हो ।

सत्यराज आचार्य र मेलिना राईले गाएको यस गीतमा संगीत सत्य र स्वरूप आचार्यले दिएका छन् । सुरेन्द्र रानाको शब्द रचना रहेको यस गीतलाई म्युजिक प्रोडक्सनको काम रिकेश गुरुङको छ ।

फिल्मको गीतको भिडियोमा फिल्मका मुख्य कलाकार सुहाना थापा, प्रकाश सपुतको जोडी देखिएका छन् भने अर्का जोडी सौगात मल्ल र सिर्जना अधिकारी देखिएका छन् । उनीहरूको केमेष्ट्री मिलेको देखिन्छ । ग्रामिण परिवेशको यस गीतको भिडियोलाई कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन् ।

यसअघि यो फिल्मको 'उडि जाउँ भने,म पंक्षी होइन' बोलको गीतले दर्शकमाझ लोकप्रियता कमाई रहेको छ । अब अर्को गीतले पनि दर्शकमाझ लोकप्रियता कमाउने देखिन्छ । लोकलयमा आधारित यस गीतलाई दर्शकले युटुबमा अपलोड भएसँगै चर्चा सुरु हुन थालेको छ । गुरु प्रसाद मैनालीको अमर कृति 'परालको आगो'बाट प्रेरित यस फिल्ममा सुहाना थापा, सौगात मल्ल, प्रकाश सपुत, सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँ लगायतले अभिनय गरेका छन् ।

लक्ष्मण सुनारले निर्देशन गरेको यस फिल्ममा संकल्प भुजेलको छायांकन रहेको छ ।

हरि ॐ सिने मेकर्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्ममा सुशील पोखरेलको लगानी रहेको यस भने फिल्मको पटकथा तथा संवाद सुशील देवकोटाले लेखेका छन् । फिल्मका गीतमा कोरियोग्राफी रामजी लामिछानेको छ । फिल्मको सम्पादन मिलन श्रेष्ठले गरेका हुन् भने रंग संयोजन कनाल कँवरको छ । फिल्ममा भिएफएक्स समिर मिया र सत्यम रानाले गरेका छन् भने टिजर तथा ट्रेलर सम्पादनको काम साहिल खानको छ ।

यस फिल्मको पाश्र्व संगीतमा किरण तुलाधर, संगीतमा शान्ति ठटाल, सत्य-स्वरूप आचार्य र प्रकाश सपुतले गरेका छन् । फिल्मका गीतका शब्द रचना मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्दको छ ।

यसै फिल्ममा कला निर्देशन प्रतिक चौधरीले गरेका छन् भने मुख्य सहायक निर्देशकको जिम्मा करण बहादुर साउदको छ । त्यसैगरि फिल्मको मिक्सिङ मुकेश शाह, निर्माण संयोजन नगेन्द्र घिमिरेले सम्हालेका छन् । सुलभी पोखरेल र सत्यम पोखरेल रहेको यस फिल्मलाई नेपालभरको फिल्मको वितरण आर आर फिल्मसले गर्दैछ । साथै डिजिटल अधिकार ओएसआरले लिएको छ ।

रंगशाला

# कीर्तिपुरमा रात्रिकालीन अन्तर्राष्ट्रिय क्रिकेट हुने

**काठमाडौं (प्रस)–** नेपालको कीर्तिपुरमा रहेको त्रिभुवन विश्वविद्यालय (टियु) क्रिकेट रंगशालामा पहिलो पटक रात्रीकालिन अन्तराष्ट्रिय क्रिकेट हुने भएको छ । नेपाल क्रिकेट संघ(क्यान) का अनुसार नेपाल र युएईबीच हुने २ खेलको ट्वान्टी २० अन्तर्राष्ट्रिय सिरिज रात्रीकालीन रूपमा हुने भएको हो ।

नेपाल र युएईबीच दुई देशका बीच नेपालमा हुने विश्वकप लिग २ को अगाडी २ खेलको सिरिज आयोजना हुन लागेको हो । दुवै खेल कीर्तिपुरमा रहेको टियु क्रिकेट रंगशालामा हुनेछ । बैशाख १२ मा सुरु हुने लिग २ को सिरिज अघि ७ र ८ गते नेपाल र युएईबीचको ट्वान्टी २० खेल हुन लागेको हो । नेपालले बैशाख १२ बाट लगातार दुई लिग २ का ओडिआई सिरिज आयोजना गर्दैछ । सुरुवातमा युएई र ओमानको टोलीसँग घरेलु भुमिमा खेल्ने नेपालले त्यस लगत्तै स्कटल्याण्ड र अमेरिकासँग खेल्नेछ ।

**प्रधानमन्त्री कप क्रिकेट**

# मधेसमाथि बागमतीको महत्त्वपूर्ण जित, प्रतीशले लिए पाँच विकेट



■ प्रभाव संवाददाता

**काठमाडौं –** बाँयाहाते पेस बलर प्रतिश जिसीले ५ विकेट लिएपछि पीएम कप पुरुष राष्ट्रिय क्रिकेटमा बागमती प्रदेशले मधेश प्रदेशमाथि महत्त्वपूर्ण जित हासिल गरेको छ ।

शुक्रबार वीरगन्जमा भएको खेलमा बागमतीले मधेशलाई ३५ रनले पराजित गरेको हो । बागमतीले दिएको २०९ रनको लक्ष्य पछ्याएको मधेश ३४.३ ओभरमा १७३ रनमा अलआउट भयो ।

मयन यादवले सर्वाधिक ४० रन बनाए । आदिल आलमले २७, कप्तान अनिल साहले २६, विशाल सुस्लिङले २१ रन बनाए । मोहम्मद समिरले १६ रन बनाए । अभिषेक तिवारीले १० रन बनाए ।

बागमतीका प्रतिशले ९.३ ओभरमा ५५ रन खर्चेर ५ विकेट लिए । रिजन ढकालले २ तथा कप्तान सन्दीप लामिछाने र सुवास खत्रीले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको बागमतीले ४८.४ ओभरमा अलआउट हुँदै २०८ रन बनाएको थियो । उत्तम मगरले सर्वाधिक ४४ रन बनाए भने कप्तान सन्दीपले ३६ रन बनाए । रिङ्जिन लामाले २९ अनि आशुतोष घिरैयाले १८ रन बनाए ।

मधेशका लागि पवन सर्राफले १० ओभरमा ३१ रन दिएर ३ विकेट लिए । आदिल आलम र रन्जित कुमारले २-२ तथा विशाल पटेल, अभिषेक तिवारी र अरनिको यादवले १-१ विकेट लिए ।

योसँगै ८ खेलमा चौथो जित हासिल गरेको बागमती प्रदेश ८ अंकका साथ छैटौं स्थानमा उक्लिएको छ र जय ट्रफीका लागि छनोट हुने सम्भावना बलियो बनाएको छ । जय ट्रफीमा अबदेखि ६ टोलीले खेल्दै छन् । ७ खेलमा ९ अंक भएको मधेश चौथो स्थानमा यथावत् छ । मधेशको पनि जय ट्रफी खेल्ने सम्भावना बलियो नै देखिएको छ ।


COMMUNITY IMPACT NEPAL

## Community Impact Nepal

**Lalitpur, Bagmati Province, Nepal**

**info@impactnepal.org, www.impactnepal.org, Phone : 01-5908569**

## Invitation for Sealed Quotation

**Date of Publication : 2082-12-28**

**Community Impact Nepal (CIN)** is a Kathmandu-based non-profit organization dedicated to sustainable community development in rural Nepal. CIN specializes in post-earthquake reconstruction using resilient construction techniques such as Compressed Stabilized Earth Blocks (CSEB), alongside health infrastructure development and earthquake-resistant school construction incorporating WASH facilities. Through community-led implementation, local field staff oversight, and strict adherence to Nepal Building Code standards, CIN ensures durable infrastructure that enhances community resilience and service delivery.

| | |
|---|---|
| **Name of the Office:** | Community Impact Nepal |
| **Address:** | Lalitpur, Bagmati Province, Nepal |
| **Sealed Quotation No:** | **CIN/082-83/GOODS/SQ-01** |
| **Date of Publication:** | 2082-12-27 |
| **Bid Submission Deadline:** | 2082-1-26 at 5:00 PM |

Community Impact Nepal invites sealed quotations from registered and eligible Suppliers for the **Supply and Delivery of Local and Non-Local Construction Materials for CFCs and MCs** as detailed in the Schedule of Requirements (Section V) of this document.

- Suppliers may obtain all bid related documents for further information and inspect the Sealed Quotation Documents by sending a request email at info@impactnepal.org
- Sealed bids must be submitted to the office of Community Impact Nepal, Lalitpur by hand on or before the deadline stated in bid Data Sheet. Bids received after the deadline will be rejected.

# अमेरिका–इरान वार्ता अन्योलमा



**इस्लामाबाद–** अमेरिका र इरानबीच पाकिस्तानमा हुने भनिएको उच्चस्तरीय वार्ता सुरु नहुँदै अनिश्चिततामा फसेपछि युद्धविरामको भविष्यप्रति नयाँ चिन्ता थपेको छ । वार्ताकारहरूको आगमनबारे कुनै स्पष्ट घोषणा नभएको अवस्थामा दुवै पक्षले एकअर्कामाथि आरोप लगाउँदै परिस्थितिलाई थप जटिल बनाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले रणनीतिक महत्त्व बोकेको स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनमा ल्याउने सहमति उल्लंघन गरेको आरोप लगाएका छन् । उता, तेहरानले भने लेबनानमा भइरहेको इजरायली आक्रमणप्रति तीव्र असन्तुष्टि जनाउँदै त्यसलाई पनि युद्धविराम सम्झौताभित्र पर्ने विषय भएको दाबी गरेको छ, जसलाई वासिङ्टनले अस्वीकार गर्दै आएको छ ।

यी तनावका बाबजुद पाकिस्तानले वार्ताको तयारीलाई अघि बढाइरहेको छ । आधिकारिक स्रोतहरूका अनुसार प्रस्तावित छलफलमा इरानको आणविक कार्यक्रम, क्षेत्रीय सुरक्षा र जलडमरूमध्यमार्फत हुने अन्तर्राष्ट्रिय व्यापारको स्वतन्त्र प्रवाहजस्ता संवेदनशील विषयहरू समेटिने अपेक्षा गरिएको थियो ।

तर इरानले आफ्नो सहभागिता सःसर्त बनाएको संकेत दिएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले लेबनानमा इजरायली आक्रमण नरोकिए वार्ता निरर्थक हुने चेतावनी दिए । उनले अमेरिका आफ्ना युद्धविरामसम्बन्धी प्रतिबद्धताहरू विशेषगरी लेबनानको सन्दर्भमा कार्यान्वयन गर्न तयार हुनुपर्ने बताए । इरानी अधिकारीहरूले त इजरायली आक्रमण जारी रहेसम्म इस्लामाबादमा हुने वार्तालाई 'अर्थहीन' ठहर गरेका छन् ।

यद्यपि, इरानको रिभोलुसनरी गार्ड्सले आफूहरू युद्धविरामप्रति प्रतिबद्ध रहेको र कुनै पनि देशमा द्वन्द्व सुरु नगरेको दाबी गरेको छ । यसले औपचारिक भनाइ र व्यवहारबीचको दूरीलाई उजागर गरेको छ ।

सामाजिक सञ्जालमार्फत व्यक्त विचारहरू पनि तनाव बढाउने खालका देखिएका छन् । ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य हुँदै तेल ढुवानीमा अवरोध सिर्जना गरेर 'धेरै खराब काम' गरेको आरोप लगाउँदै युद्धविराम उल्लंघन भएको बताए । विश्वको करिब पाँचौं भाग तेल र ठूलो परिमाणमा ग्यास तथा मल यही मार्गबाट प्रवाह भएकाले यसको प्रभाव विश्व अर्थतन्त्रमा प्रत्यक्ष पर्ने गर्दछ । युद्धविराम घोषणा भएयता त्यहाँबाट सीमित मात्रामा जहाज आवतजावत भएको जनाइएको छ ।

दुई हप्ते युद्धविराममार्फत हजारौंको ज्यान लिएको द्वन्द्व अन्त्य गर्दै वार्ताको ढोका खोल्ने प्रयास गरिएको थियो । तर वर्तमान अन्योलले फेरि हिंसा चर्किने डर बढाएको छ । तेहरानकी एक स्थानीय बासिन्दाले आफू युद्ध पुनः सुरु हुने र वर्तमान शासन दुवैबाट त्रसित रहेको प्रतिक्रिया दिएकी छन् । पाकिस्तानका लागि इरानका राजदूतले आफ्नो प्रतिनिधिमण्डल आगमनसम्बन्धी सामाजिक सञ्जाल पोस्ट हटाएपछि वार्ताको तयारीमा थप अन्योल देखियो । यद्यपि अमेरिकी उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा प्रतिनिधिमण्डल आज (शनिबार) आउने बताइएको छ । प्रतिनिधिमण्डलमा विशेष दूत स्टिभ विटकफ र जारेड कुशनर पनि सहभागी हुने जनाइएको छ ।

यसैबीच पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले लेबनानमा इजरायली आक्रमणको कडा आलोचना गर्दै सामाजिक सञ्जालमा विवादास्पद अभिव्यक्ति दिएका थिए । उक्त अभिव्यक्तिलाई केही घण्टामै हटाइएको थियो । उक्त अभिव्यक्तिले पाकिस्तानको तटस्थ मध्यस्थकर्ताको भूमिकामाथि प्रश्न उठाएको भन्दै इजरायलले असन्तुष्टि जनाएको छ ।

पाकिस्तानले इजरायललाई औपचारिक मान्यता नदिएको अवस्थाले पनि मध्यस्थताको विश्वसनीयतामा चुनौती थपेको देखिन्छ । उता इरानले लेबनानलाई पनि युद्धविराम सम्झौताभित्र समावेश गर्नुपर्नेमा जोड दिँदै आएको छ ।

अर्कोतर्फ, क्षेत्रीय सुरक्षा अवस्था थप नाजुक बन्दै गएको छ । शुक्रबार बिहान इजरायलका विभिन्न स्थानहरूमा हवाई आक्रमणको साइरन बजेको छ भने हिजबुल्लाहले इजरायलमाथि ड्रोन र रकेट आक्रमण गरेको जनाएको छ । युद्धविराम लागू भएको ४८ घण्टा नबित्दै इजरायलले लेबनानमा गरेको आक्रमणमा ३०० भन्दा बढी मानिसको ज्यान गएको थियो ।

ट्रम्पले इजरायलले आफ्नो आक्रमण 'कम गरिरहेको' दाबी गर्दै प्रधानमन्त्री बेन्जामिन नेतान्याहुबाट संयम अपनाइने आश्वासन पाएको बताए । यद्यपि, पश्चिमी कूटनीतिज्ञहरूका अनुसार युरोपेली तथा खाडी राष्ट्रहरूले इजरायलमाथि थप आक्रमण नगर्न दबाब बढाइरहेका छन् ।

यसबीच वासिङ्टनले लेबनानसम्बन्धी मुद्दा छुट्टै वार्तामार्फत समाधान गर्ने संकेत दिएको छ । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले अर्को हप्ता यस विषयमा बैठक हुने जानकारी दिएका छन् । यद्यपि, सम्बन्धित पक्षहरूले औपचारिक पुष्टि गरेका छैनन् ।

समग्रमा, इस्लामाबादमा हुने भनिएको अमेरिका-इरान वार्ता केवल द्विपक्षीय संवादमात्र नभई मध्यपूर्वको व्यापक शक्ति सन्तुलन र युद्धविरामको भविष्यसँग गाँसिएको संवेदनशील कडी बनेको छ । अहिलेको आरोप-प्रत्यारोप र क्षेत्रीय तनावले वार्ताको सफलतामाथि गम्भीर प्रश्न उठाएको छ । *रासस/एएफपी*



**थाइल्याण्डको आयुथयामा सोङक्रान महोत्सवका अवसरमा आयोजित पानी छ्याप्ने कार्यक्रममा हात्तीसँग अन्तरक्रिया गर्दै एक महिला ।**

*तस्बिरः सिन्ह्वा*

आइएमएफले भन्यो

# विश्व अर्थतन्त्रमा जोखिम बढ्दै, सावधानी आवश्यक

**न्युयोर्क–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) की प्रमुख क्रिस्टालिना जर्जिएभाले मध्यपूर्वमा जारी युद्धका कारण विश्व अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्न सबै देशले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आह्वान गरेकी छन् । न्युयोर्कमा आयोजित सन् २०२६ को वसन्त बैठकको उद्घाटनका अवसरमा बोल्दै उनले एक्लाएक्लै निर्णय लिने, निर्यात नियन्त्रण गर्ने वा मूल्य नियन्त्रणजस्ता कदमहरूले विश्व आर्थिक अवस्थालाई अझ अस्थिर बनाउन सक्ने चेतावनी दिएकी छन् ।



उनका अनुसार प्रत्येक देशका वित्तीय निकायहरूले कमजोर वर्गलाई लक्षित गरी सीमित र अस्थायी सहयोग प्रदान गर्नुपर्छ, जुन मध्यम अवधिको आर्थिक योजनासँग मिल्दोजुल्दो हुनुपर्छ । यसले आर्थिक दबाबमा परेका नागरिकलाई राहत दिन सहयोग गर्ने छ तर दीर्घकालीन आर्थिक स्थायित्वमा असर पार्ने छ ।


त्यसैगरी उनले केन्द्रीय बैंकहरूलाई पनि सचेत रहन आग्रह गर्दै मुद्रास्फीति अनियन्त्रित हुने संकेत देखिएमा ब्याजदर बढाएर नियन्त्रण गर्नुपर्ने बताएकी छन् । उनले यस्तो कदमले मूल्यवृद्धिको चक्रलाई नियन्त्रण गर्न मद्दत गर्ने उल्लेख गरिन् । साथै, आर्थिक सहयोग कार्यक्रमहरू अस्थायी र स्पष्ट समयसीमा सहित लागू गर्नुपर्नेमा जोड दिइन् ।

उनले वित्तीय नियामक निकायहरूलाई पनि सजग, लचिलो र छिटो प्रतिक्रिया दिन सक्ने बनिनुपर्ने आवश्यकता औंल्याएकी छन्, किनभने वर्तमान अवस्था अत्यन्त परिवर्तनशील रहेको छ । सीमित आर्थिक स्रोतहरूको जिम्मेवार प्रयोग गर्दै वित्तीय स्थायित्व कायम राख्न सूक्ष्म तथा समष्टिगत नीतिहरू प्रभावकारीरूपमा लागू गर्नुपर्ने उनले बताइन् ।

उनले सदस्य राष्ट्रहरूलाई आवश्यक वित्तीय सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै मध्यपूर्व युद्धको प्रभावका कारण छोटो अवधिमा भुक्तानी सन्तुलनका लागि सहयोगको माग करिब २० अर्बदेखि ५० अर्ब डलरसम्म पुग्न सक्ने अनुमान व्यक्त गरेकी छन् । *रासस/सिन्ह्वा*

# पृथ्वीको तापक्रम वृद्धि र जलवायु जोखिम बढ्दैः प्रतिवेदन

**पेरिस–** युरोपेली संघको जलवायु निगरानी निकायले जनाएअनुसार मार्च महिनामा महासागरको तापक्रम झण्डै रेकर्डस्तरमा पुगेको छ । यसले पृथ्वीको तापक्रम झन् बढाउने सम्भावना भएको संकेत गरेको छ, जसले अत्यधिक गर्मी र चरम मौसम अवस्था बढाउन सक्छ ।




प्रतिवेदनअनुसार मार्च महिनामा समुद्री सतहको औसत तापक्रम करिब २०.९७ डिग्री सेल्सियस पुगेको थियो, जुन उक्त महिनाका लागि दोस्रो उच्च स्तर हो ।

विज्ञहरूका अनुसार यस्तो तातो चक्रले प्रशान्त महासागरको पानी तातो बनाउँछ र यसले विश्वव्यापी तापक्रम वृद्धि तथा चरम मौसम निम्त्याउन सक्छ । हाल चिसो चक्र क्रमशः समाप्त हुँदै सामान्य अवस्थामा जाने र त्यसपछि फेरि तातो चक्र सुरु हुने अनुमान गरिएको छ ।

वैज्ञानिकहरूले यी चक्रहरू प्राकृतिक भए पनि मानव गतिविधिका कारण बढ्दो दीर्घकालीन तापक्रमसँग मिलेर अझ गम्भीर असर पार्ने बताएका छन् । महासागरहरूले मानवद्वारा उत्सर्जित तापको ठूलो हिस्सा सोस्ने भएकाले पृथ्वीको जलवायु सन्तुलनमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

समुद्रको तापक्रम बढ्दा शक्तिशाली आँधीबेहरी, भारी वर्षा, समुद्री सतह बढ्ने जस्ता असर देखिन सक्छन् । साथै, यसले दीर्घकालीन रूपमा समुद्री सतहको उचाइ बढाउन पनि योगदान पुर्‍याउँछ । यसैबीच, उक्त निकायले मार्च महिना विश्वकै चौथो सबैभन्दा तातो महिना रहेको जनाएको छ, जहाँ तापक्रम औद्योगिक युगअघिको स्तरभन्दा करिब १.४८ डिग्री सेल्सियस बढी रहेको छ । युरोपका धेरै भागमा सामान्यभन्दा बढी तापक्रम देखिएको थियो भने अमेरिका, आर्कटिक र अन्य चिसा क्षेत्रहरूमा पनि असामान्य रूपमा उच्च तापक्रम मापन गरिएको छ । अर्कोतर्फ, आर्कटिक क्षेत्रमा समुद्री बरफको मात्रा उक्त महिनाका लागि सबैभन्दा कम रहेको पाइएको छ, जसलाई जलवायु परिवर्तनको महत्त्वपूर्ण संकेतका रूपमा लिइन्छ । *रासस/एएफपी*

# युद्धका कारण विश्व आपूर्ति प्रणाली प्रभावित

**पेरिस–** मध्यपूर्वमा जारी युद्ध र अस्थायी युद्धविरामका बीच विश्व अर्थतन्त्रमा गहिरो असर देखिएको छ । लगानीकर्ताहरूले शान्ति वार्ताको आशा राख्दै सेयर बजारमा सुधार देखिए पनि तेल बजार भने अझै अस्थिर छ । प्रमुख अन्तर्राष्ट्रिय बजारहरूमा सेयर सूचकांक बढेका छन्, तर कच्चा तेलको मूल्य निरन्तर माथि गएको छ र ब्रेन्ट तेल करिब प्रतिब्यारेल १०० डलरको आसपास पुगेको छ । प्रमुख तेल आपूर्ति मार्गमा अवरोधका कारण ऊर्जा संकटको चिन्ता कायमै छ ।

जापानले तेल आपूर्ति स्थिर राख्न राष्ट्रिय भण्डारबाट थप तेल निकाल्ने घोषणा गरेको छ । सरकारले करिब २० दिनबराबरको तेल आपूर्ति बजारमा ल्याउने तयारी गरेको छ । यसअघि पनि मूल्यवृद्धि रोक्न जापानले आफ्नो भण्डार प्रयोग गरिसकेको थियो । यस कदमले विश्व बजारमा आपूर्तिको दबाब केही कम गर्ने अपेक्षा गरिएको छ । यसैबीच, अमेरिका र बेलायतका नेताहरूले महत्त्वपूर्ण जलमार्ग पुनः सञ्चालनका लागि व्यावहारिक योजना बनाउने विषयमा छलफल गरेका छन् । उनीहरूले शान्ति भए पनि तेल ढुवानी सहज बनाउन तत्काल कदम आवश्यक रहेको बताएका छन् । युरोपेली संघले भने कुनै पनि प्रकारको शुल्क वा करविना जलमार्गमा स्वतन्त्र आवतजावत सुनिश्चित हुनुपर्ने बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले जलमार्ग प्रयोग गर्ने जहाजहरूबाट शुल्क लिने प्रयास गरे कडा प्रतिक्रिया दिने चेतावनी दिएका छन् । उनले तेल प्रवाह छिट्टै सामान्य हुने दाबी पनि गरे । यसले राजनीतिक तनाव अझै कायम रहेको देखाउँछ । यसैबीच, अन्तर्राष्ट्रिय मुद्रा कोषले युद्धका कारण विश्व आर्थिक वृद्धिदर घट्ने चेतावनी दिएको छ । आपूर्ति शृंखला अवरुद्ध हुँदा ऊर्जा र खाद्य मूल्य बढ्ने र करोडौं मानिस खाद्य संकटमा पर्ने सम्भावना रहेको बताइएको छ । विश्व बैंक र अन्य संस्थाहरूले प्रभावित देशहरूलाई आर्थिक सहायता उपलब्ध गराउने तयारी गरिरहेका छन् ।

युरोपमा ऊर्जा संकटको जोखिम पनि बढेको छ । ग्यास भण्डारण कम भएको कारण समयमै भण्डारण भर्नुपर्ने चेतावनी दिइएको छ । यदि आपूर्ति सुधार भएन भने आगामी जाडोमा ऊर्जा अभावको समस्या गम्भीर हुन सक्छ । *रासस/एएफपी*

# चीनद्वारा नयाँ इन्टरनेट उपग्रह समूह प्रक्षेपण

**ताइयुआन–** चीनले अन्तरिक्ष क्षेत्रमा आफ्नो प्रगतिलाई निरन्तरता दिँदै नयाँ इन्टरनेट उपग्रहहरूको समूह सफलतापूर्वक प्रक्षेपण गरेको छ । उत्तर चीनको शान्सी प्रान्तस्थित ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रबाट बिहीबार बिहान यो प्रक्षेपण सम्पन्न गरिएको हो । यस क्रममा परिमार्जित 'लङ मार्च-६' वाहक रकेटमार्फत उपग्रह समूह अन्तरिक्षतर्फ पठाइएको थियो । बिहान ३ बजेर ३८ मिनेटमा गरिएको प्रक्षेपणपछि ती उपग्रहहरू सफलतापूर्वक आफ्नो निर्धारित कक्षमा प्रवेश गरेका छन् । यो समूह कम कक्षामा रहने इन्टरनेट उपग्रहहरूको २१औं समूह भएको बताइएको छ ।

यी उपग्रहहरूको मुख्य उद्देश्य विश्वभर इन्टरनेट सेवा विस्तार गर्नु रहेको छ, विशेषगरी दुर्गम तथा पहुँचभन्दा बाहिर रहेका क्षेत्रमा सञ्चार सुविधा पुर्‍याउने लक्ष्य राखिएको छ । यसले डिजिटल पहुँच बढाउने र प्रविधिमा आधारित सेवाहरू विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । उक्त प्रक्षेपण 'लङ मार्च' शृंखलाका रकेटहरूको ६३७औं उडान अभियान पनि हो, जसले चीनको अन्तरिक्ष कार्यक्रम निरन्तर रूपमा अगाडि बढिरहेको संकेत गर्दछ । चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष प्रविधिमा तीव्र प्रगति गर्दै उपग्रह प्रक्षेपण, अन्तरिक्ष अनुसन्धान र सञ्चार क्षेत्रमा आफ्नो प्रभाव विस्तार गरिरहेको छ । *रासस/सिन्ह्वा*


**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना !**

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/२८ गते*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान १३१ को २१८९.१२ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कोन्छ्योङ्सुम सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९६९०० | प्रति तोला – ० | प्रति तोला – ४९६० |

## आर्थिक समृद्धिका लागि निजी क्षेत्रको भूमिका निर्णायक हुन्छः राष्ट्रपति




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले देशका आर्थिक विकासका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने जोड दिएका छन् ।

नेपाल चेम्बर अफ कमर्सको ७५औं वार्षिक साधारणसभाको शुक्रबार उद्घाटन गर्दै उनले आर्थिक समृद्धिको मूल आधार व्यापार-व्यवसाय, उद्योगधन्दाको प्रवर्द्धनमा सरकार-निजी क्षेत्र साझेदारी हुनुपर्ने बताएका हुन् ।

राष्ट्रपतिले आर्थिक समृद्धिबाट नै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन सहज हुने भएकाले जनताले चाहेको विकास र समृद्धिका निम्ति एकताबद्ध भएर अघि बढ्न सम्बद्ध सबैलाई आह्वान गरे ।

राष्ट्रपति पौडेलले भने, 'मुलुकलाई एउटा जटिल परिस्थितिबाट निकास दिन सफलतापूर्वक सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट स्थापित संसद् र सरकारलाई सुशासनमार्फत आर्थिक समृद्धिको मार्गमा अग्रसर हुन मार्गप्रशस्त भएको छ । झन्झटरहित सेवा प्रवाह, जनताको जीवनस्तर उकास्ने आर्थिक विकासका योजना कार्यान्वयनलगायत राष्ट्रनिर्माणको गहन दायित्व भएको वर्तमान सरकारले निजी क्षेत्रको साझेदारीमा आर्थिक विकासलाई अघि बढाउने जनअपेक्षा छ ।'

राजनीतिक स्थायित्व आर्थिक समृद्धिको आधार भएको उल्लेख गर्दै उहाँले स्पष्ट नीति र दिगो रणनीतिले मात्र औद्योगिक विकास, लगानी विस्तार र रोजगारी सिर्जना हुने भएकाले स्वदेशमा नै कामको अवसर उपलब्ध गराउनु अहिलेको आवश्यकता हो भने । 'आजका युवा देशका भविष्य हुन्, उनीहरूलाई स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्न सकेमा देशलाई समृद्धिको मार्गमा दोहोऱ्याउन सहज हुन्छ,' राष्ट्रपति पौडेलले भने । साथै उनले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय हुनुपर्नेमा जोड दिए ।

'आजको प्रतिस्पर्धात्मक युगमा हामीलाई परम्परागत सोचभन्दा बाहिर निस्केर नवीनता, नवप्रवर्तन र साहसिक निर्णय आवश्यक छन्, डिजिटल अर्थतन्त्र, हरित विकास, प्रविधिमा आधारित उद्यमशीलता र स्टार्टअप संस्कृतिको विकास आजको आवश्यकता हो', राष्ट्रपति पौडेलले भने । निजी क्षेत्रलाई केवल कर तिर्ने निकायको रूपमा नभई राष्ट्र निर्माणको साझेदारका रूपमा लिनुपर्ने बताए । मुलुकको आर्थिक समृद्धि, उद्योग व्यवसायको प्रवर्द्धन, लगानीमैत्री वातावरण निर्माण तथा उद्यमशीलताको विकासमा चेम्बरले निर्वाह गरेको भूमिकाको राष्ट्रपतिले सराहना गरे ।

चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले निजी क्षेत्र र सरकारबीच समन्वय नहुँदा अपेक्षाकृत अर्थतन्त्रको विकास हुन नसकेको बताउँदै सुधारका धेरै क्षेत्र छन् भने । उनले देशको अर्थतन्त्र उकास्न सरकारसँग निरन्तर सहयोग एवं समन्वय गर्दै आएको बताए । सरकार तथा निजी क्षेत्रबीच चेम्बरले सेतुको भूमिका निर्वाह गरिरहेको उनको कथन थियो ।

वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्राले प्रविधिमा आधारित व्यवसायलाई प्रोत्साहन गरी युवालाई नवप्रवर्तनमा लाग्न प्रेरित गर्नुपर्ने बताए । विदेशी लगानी भित्र्याउन अनुकूल वातावरण निर्माण गर्न आवश्यक भएको उल्लेख गर्दै उनले देशमा अब राजनीतिक स्थायित्व कायम भएकाले औद्योगिक विकास हुने विश्वास व्यक्त गरे ।

## नेपालको आर्थिक वृद्धि २.७ प्रतिशतको प्रक्षेपण

■ प्रभाव संवाददाता




**काठमाडौं –** एसियाली विकास बैंक (एडिबी)ले सन् २०२६ मा नेपालको आर्थिक वृद्धि दर दुई दशमलव सात प्रतिशतमा सीमित हुने प्रक्षेपण सार्वजनिक गरेको छ । एडिबीद्वारा प्रकाशित 'एसियन डेभलपमेन्ट आउटलुक अप्रिल २०२६' अनुसार यो दर अघिल्लो आर्थिक वर्षमा चार दशमलव छ प्रतिशत रहेकामा यस वर्ष न्यून देखिएको हो ।

एडिबीका नेपालका देशीय निर्देशक आर्नो कोस्वाका अनुसार राजनीतिक अनिश्चितता, गत भदौको जेनजी आन्दोलन तथा मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण आर्थिक वृद्धि सुस्त हुने देखिएको हो । राजनीतिक स्थायित्व कायम भएमा सुधारका कार्यक्रम अगाडि बढ्न र आर्थिक विश्वास बढ्न सहयोग पुग्ने उल्लेख गर्दै कोस्वाले मध्यपूर्व द्वन्द्वका कारण तेलको मूल्य, पर्यटन तथा विप्रेषणमा पर्ने असरले जोखिम कायम रहेको बताए ।

प्रतिवेदनमा आगामी आर्थिक वर्षमा आर्थिक वृद्धिदर पाँच प्रतिशत पुग्ने अनुमान गरिएको छ । हाल देखिएका अवरोध क्रमशः कम हुँदै जाँदा आन्तरिक मागमा सुधार, जलविद्युत् निर्यातमा वृद्धि तथा पर्यटन क्षेत्रको पुनरुत्थानले अर्थतन्त्रलाई टेवा पुग्ने अपेक्षा गरिएको छ ।

एडिबीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा मूल्यवृद्धि दर तीन दशमलव सात प्रतिशत रहने र २०८३/८४ मा बढेर चार दशमलव पाँच प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । आन्तरिक आर्थिक गतिविधि विस्तारसँगै मूल्यमा थप दबाब पर्ने जनाइएको छ ।

चालु खाता बचत आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनको सात दशमलव दुई प्रतिशत पुग्ने अनुमान गरिएको छ, जुन अघिल्लो वर्ष छ दशमलव सात प्रतिशत थियो ।

विप्रेषण आप्रवाह र निर्यातमा मध्यम वृद्धि भए पनि वैदेशिक रोजगारीमा अस्थायी कमी, उच्च तेल मूल्यका कारण आयात खर्च बढ्नु तथा पर्यटन आम्दानीमा सम्भावित गिरावटका कारण केही दबाब पर्ने जनाइएको छ । आगामी आर्थिक वर्षमा भने चालु खाता बचत पाँच दशमलव तीन प्रतिशतमा झर्ने अनुमान गरिएको छ ।

प्रतिवेदनमा समग्र आर्थिक अवस्था उच्च अनिश्चिततामा रहेको उल्लेख गर्दै मध्यपूर्व द्वन्द्व लम्बिनु, पुँजीगत बजेट कार्यान्वयन कमजोर हुनु, वित्तीय क्षेत्रका जोखिम तथा जलवायुजन्य विपद् प्रमुख चुनौतीका रूपमा औँल्याइएको छ । साथै अन्तरराष्ट्रिय तेल मूल्यको उतारचढाव तथा खाडी मुलुकसँग सम्बन्धित विप्रेषणमा सम्भावित कमीले थप जोखिम सृजना गर्न सक्ने जनाइएको छ ।

## आर्थिक उपार्जनका लागि डाँडापारीमा कफीखेती अभियान

**धुलिखेल–** काभ्रेको डाँडापारिस्थित महाभारत गाउँपालिका-५ घैयाँडाँडाकी देवीमाया तुम्सिङ मगर पाखोबारीमा मकै छर्ने कामसँगै कफीको बोट रोप्नका लागि खाल्डो खन्ने काममा व्यस्त छिन् । उनले आफ्ना बारीका पाटाभरि कफीका बिरुवा रोप्न ज्यालामा पाँच जना खेताला लगाएर खाल्डो खनिरहेकी छिन् । अन्य अन्नबाली खेतीभन्दा कफीबाट बढी आम्दानी हुने भएपछि मगरले केही वर्षदेखि कफी खेतीलाई प्राथमिकता दिएकी हुन् ।

मकै खेती गर्दा उत्पादन कम हुने र भएको अन्नबाली जङ्गली जनावर बाँदरले नोक्सान गर्न थालेपछि कफी खेतीतर्फ आकर्षण बढेको उनले बताइन्। यस वर्ष मात्रै करिब ८०० खाल्डो खनिसकिएको र अझै खन्ने काम बाँकी रहेको मगरको भनाइ छ ।

यस्तै महाभारत-५ चौडिक भोर्लेनीका हिराबहादुर राना मगरले पनि कफीको बिरुवा रोप्न यस वर्ष करिब तीन रोपनी क्षेत्रफलमा खाल्डो खनिसकेका छन् । धेरै वर्षअघि रोपेका बोटबाट उत्पादन आउन थालेको उनले बताए । यसअघि काठमाडौँमा व्यवसाय गर्दै आएका उनी विगत दुई वर्षदेखि गाउँमै बसेर कफी खेतीमा लागेका हुन् । अन्य अन्नबालीभन्दा कफीबाट बढी आम्दानी हुने भएकाले यसतर्फ आकर्षित भएको उनको भनाइ छ ।

यसैगरी रामकुमार लुङ्गेली मगरले पनि यस वर्ष २०० भन्दा बढी खाल्डो खनिसकेका छन् । उचित स्याहार र सिँचाइको व्यवस्था गर्न सके रोपेको दुई वर्षदेखि नै उत्पादन दिन थाल्ने उनले बताए । महाभारत गाउँपालिकाका कफी उत्पादन हुने बस्तीमा व्यापारी घर-घरमै कफी खोज्न आउन थालेपछि यहाँका किसान कफी खेतीतर्फ थप आकर्षित भएका छन् ।

बागमती प्रदेश सरकार र महाभारत गाउँपालिकाको सहयोगमा कफी खेती प्रवर्द्धन हुँदै आएको छ । महाभारत साना किसान तथा कृषि सहकारी संस्थाका प्रबन्धक चन्द्रकुमार लुङ्गेली मगरका अनुसार प्रदेश सरकारको ६०, गाउँपालिकाको २० र किसानको २० प्रतिशत लागत साझेदारीमा व्यावसायिक कफी खेती भइरहेको छ । गत वर्षदेखि सुरु भएको अभियानअन्तर्गत यस वर्ष ३० हजार कफीका बिरुवा रोप्ने लक्ष्य रहेको उनले बताए ।

महाभारत-५ का किल्ला, भलडाँडा, भोर्लेनी र चौडिकलगायत बस्तीका किसान बिरुवा रोप्न बारीमा खाल्डो खन्ने क्रममा छन् । महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाका अनुसार वडा नं १, २, ४, ५ र ८ लाई कफी उत्पादन क्षेत्रका रूपमा पहिचान गरिएको छ । विगत करिब चार वर्षदेखि बिरुवा वितरण तथा आवश्यक औजार-उपकरण उपलब्ध गराएर किसानलाई सहयोग गर्दै आएको उनले बताए ।

पालिकाले वडा नं ५ मा 'एक वडा एक उत्पादन' कार्यक्रम र 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु २०' कार्यक्रममार्फत किसानलाई प्रोत्साहन गर्दै आएको छ । गत वर्ष ३८ हजार बिरुवा वितरण गरिएकामा यस वर्ष वडा नं ५ लाई कफी हबका रूपमा विकास गर्न करिब ३० हजार बिरुवा वितरण गर्ने योजना रहेको छ । *रासस*

## नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १३ दशमलव ४६ अंकले घटेर दुई हजार ८३७ दशमलव ७७ बिन्दुमा कायम भएको छ । यो शून्य दशमलव ४७ प्रतिशतको गिरावट हो । शुक्रबार ३३५ कम्पनीको दुई करोड १० लाख ८७ हजार ६२८ कित्ता शेयर ९७ हजार ४८० पटक खरिद बिक्री हुँदा रु आठ अर्ब ९९ करोड ३२ लाख ८० हजार ९६७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा जलविद्युत् समूह शून्य दशमलव ०८ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ५९ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७४, विकास बैंक शून्य दशमलव ६७, वित्त शून्य दशमलव ६०, होटल तथा पर्यटन शून्य दशमलव ४४, लगानी शून्य दशमलव १२, जीवन बीमा शून्य दशमलव ७१, लघुवित्त शून्य दशमलव ७३, म्युचुअल फन्ड शून्य दशमलव ४९, निर्जीवन बीमा शून्य दशमलव ४८ र अन्य समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ ।

कारोबारमा भुजुङ हाइड्रोपावर लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड, होटल फरेस्ट इन लिमिटेड र पाल्पा सिमेन्ट इन्ड्रस्टिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । एनआईसी एसिया ब्यालेन्स फन्डको शेयर मूल्य चार दशमलव १७ प्रतिशतले घटेको छ ।

## हटाइयो चियाको न्यूनतम समर्थन मूल्य

■ प्रभाव संवाददाता



**इलाम –** सूर्योदय नगरपालिकाले चियाको न्यूनतम समर्थन मूल्य हटाउने निर्णय गरेको छ । 'गुणस्तरीय चिया उत्पादन मापदण्ड कार्यान्वयन कार्यविधि-२०७५' मा उद्योगले किसानलाई चियाको न्यूनतम मूल्य प्रतिकिलो रु ४० दिनुपर्ने र किसानले ४० प्रतिशत मुनाको चिया मात्र टिप्नुपर्ने मापदण्ड थियो ।

तर अधिकांश किसान र उद्योगीले खुला बजारको माग गरेपछि नगरपालिकाको १८औं नगर सभाको तेस्रो बैठकले उक्त ऐन संशोधन गरेको कार्यवाहक नगरप्रमुख दुर्गाकुमार बरालले बताए । नगरप्रमुख बरालले सभाले झन्झटिला र नागरिकलाई असहज हुने विभिन्न सात ऐन संशोधन गरेको बताए । 'नगरको विनियोजन ऐन २०८२, आर्थिक ऐन २०८२, आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६, स्वास्थ्य ऐन २०७८, सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६, नगर प्रहरी ऐन २०७६ र सहकारी ऐन २०७५ संशोधन विधेयक पारित भएको छ,' नगरप्रमुख बरालले भने ।

नगरपालिका क्षेत्रमा ६३ साना-ठूला चिया उद्योग रहेका छन् । पालिकाले चियाको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ । प्रमुख बरालले भने, 'चिया रोपणदेखि टिप्नेसम्म र अर्ग्यानीकरणसम्म हामीले ध्यान दिने हो, बजारीकरण र मूल्य निर्धारण संघीय सरकारले गर्नुपर्छ ।'

नगरले यस पटक चिया क्षेत्रका समस्या समाधान गर्न १४ वटै वडाबाट किसान र उद्योगीका सुझाव लिएको थियो । साथै, नगरले चिया ऐन संशोधनका लागि स्थानीयसँग 'अनलाइन'मार्फत पनि सुझाव माग गरेको थियो । यहाँ चिया क्षेत्रका समस्या समाधान गर्न चिया शाखा सञ्चालन गरिने भएको छ । नगरले यसअघि निर्माण गरेको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ लाई परिमार्जन गरी संघीय कानुनअनुसार सञ्चालन हुने व्यवस्था गरेको छ । सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ संशोधन गरी तीनपांग्रे सवारीसाधन सञ्चालनमा सहजता ल्याइएको छ । सहकारी ऐन २०७५ लाई पनि संशोधन गरी संघीय कानुनअनुसार हुनेगरी पारित गरिएको पालिकाका प्रवक्ता ख्याम भुजेलले जानकारी दिए । 'नगर सभाले नेपाल सरकारले ५० वर्षका लागि लिजमा दिएको नेपाल चिया विकास निगमअन्तर्गतको चिया बगान स्थानीय सरकारको स्वामित्वमा ल्याउन संघीय सरकारलाई पत्राचार गर्ने, सडकको चौडाइभन्दा गुणस्तरीय काम गराउने, काठका पोल विस्थापन गर्ने लगायतका निर्णय गरेको छ,' प्रमुख प्रशासकीय अधिकृत विज्ञान कोइरालाले भने ।

'नगरले गत वर्षको विपद्बाट क्षति भएका सडक मर्मतका लागि १४ वटै वडामा दुई-दुई लाखका दरले रकम विनियोजन गरेको छ,' उनले भने । नगरले फोहोरमैला व्यवस्थापनका लागि स्विस सरकार, प्रदेश सरकार र स्थानीय सरकारको करिब रु २२ करोड लगानीमा आधुनिक फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने भएको वडा नं ५ का वडाध्यक्ष उर्गेन बम्जनले बताए । उनका अनुसार नगरले जग्गा बिक्रीमा लाग्ने लाभकर र राजमार्गको सेटब्याकसम्बन्धी व्यवस्था परिमार्जनका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत कोइरालाले नगरलाई पारदर्शी बनाउँदै बेरुजु शून्यमा झार्ने गरी काम भइरहेको जानकारी दिए । नगरका सूचना अधिकारी योगनिधि भट्टराईले नगरका महत्वपूर्ण कार्यक्रमहरू प्रत्यक्ष प्रसारण गर्दै पारदर्शिता कायम गरिएको जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ